का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १९, अंक २०५
- २४ भदौ २०७८, बिहीबार
- 9 September 2021, Thursday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका अनलाइनमा पढनका लागि QR कोड स्क्यान गर्नुहोला ।

# सभामुख निशानामा

## एमाले नाराबाजीबीच अध्यादेश पेश

पार्टी विभाजन गराउन सभामुख अग्निप्रसाद सापकोटाले साथ दिएको भन्दै नेकपा एमालेले प्रतिनिधिसभा बैठक अवरुद्ध गरेको छ । तर नाराबाजी बीच सरकारले दल विभाजन सम्बन्धी अध्योदश संसदमा पेश गरेको छ ।



प्रतिनिधिसभा बैठकमा नाराबाजी गर्दै प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले)का सांसदहरु । तस्बिर: रत्न श्रेष्ठ/रासस

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २३ भदौ ।

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका सांसदहरुको नाराबाजी बीच सरकारले दल विभाजन सम्बन्धी अध्यादेश-२०७८ संसदमा पेश भएको छ। नेकपा एमाले र जनता समाजवादी पार्टी (जसपा) विभाजन गराउनेगरी सरकारले गएको १ भदौमा अध्यादेश ल्याएको थियो । विपक्षी सांसदहरुको नाराबाजीकै बीच गृहमन्त्री बालकृष्ण खाँणले अध्यादेश संसद्मा पेश गरेका हुन् ।

नाराबाजी सहित लगातार एमाले सांसदहरुले संसद् अबरोध कायमै राखेपछि सभामुख अग्निप्रसाद सापकोटाले गृहमन्त्री खाँणलाई अध्योदश पेश गर्ने दिएका थिए । सभामुख सापकोटाको भूमिका व्यवस्थापिका प्रमुखको जस्तो नभएको भन्दै एमालेले बुधबार दिउँसो १ बजे बोलाइएको बैठक अवरोध गरेको थियो ।

एमालेले १ भदौमा पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल सहित १४ सांसदलाई पदमुक्त गर्ने निर्णय गरेको थियो । तर सांसदहरुलाई पदमुक्त गर्ने एमालेको निर्णय सभामुख सापकोटाले कार्यान्वयन गरेनन् । एघार दिनसम्म पनि विचाराधीन रहेको भन्दै सभामुख सापकोटाले माधव नेपाल सहित १४ सांसदलाई पदमुक्त गरेन । बरु, ९ भदौमा निर्वाचन आयोगले माधव नेपाल सहित २३ प्रतिनिधिसभा सदस्य, आठ राष्ट्रियसभा सदस्य र ६० केन्द्रीय सदस्यको सनाखत गरायो । यसको दुई दिनपछि ११ भदौमा माधव नेपाल नेतृत्वमा नेकपा (एकीकृत समाजवादी) दर्ताको प्रमाणपत्र निर्वाचन आयोगले दियो । यसपछि भने सभामुख सापकोटाले १४ सांसदलाई पदमुक्त गर्न आवश्यक नरहेको निर्णय लिएका थिए ।

यसपछि एमाले सांसदहरुले लगातार सभामुख सापकोटाको विरोध गर्दै आएको छ । संसद् अधिवेशन अन्त्य गर्दै दल विभाजन सम्बन्धी अध्यादेश ल्याइयो । उक्त अध्यादेशको आधारमा एमाले र जनता समाजवादी पार्टी (जसपा) विभाजित भयो । केन्द्रीय कमिटी वा संसदीय दलमा २० प्रतिशत भएपनि दल विभाजन गराउन सक्ने व्यवस्था सहित अध्यादेश आएको थियो । दल विभाजन प्रक्रियामा सभामुख सापकोटाले साथ दिएको भन्दै एमालेले संसद् बैठक चल्न नदिने चेतावनी दिदै आएको थियो ।

त्यसैअनुसार, बुधबार प्रतिनिधिसभा र राष्ट्रियसभा एमालेले अवरोध गर्‍यो । प्रतिनिधिसभामा जस्तै राष्ट्रियसभामा पनि अवरोध र नाराबाजी एमालेले कायमै राखेपछि अध्यक्ष गणेशप्रसाद बाँकी पृष्ठ २ मा

# अल्पमतमा परेपनि सरकार विस्तार

"नेकपा एमाले विभाजनपछि अल्पमतमा परेकी बागमती प्रदेशका मुख्यमन्त्री अष्टलक्ष्मी शाक्यले बुधबार मन्त्रिपरिषद् बिस्तार गरेकी छन् ।



**समित श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, २३ भदौ ।

नेकपा एमाले विभाजन पछि प्रदेशसभामा प्रष्ट अल्पमतमा परेकी बागमती प्रदेशका मुख्यमन्त्री अष्टलक्ष्मी शाक्यले मन्त्रिरिषद् बिस्तार गरेकी छन् । एमालेकै मुख्यमन्त्री डोरमणि पौडेलले राजीनामा दिएपछि गएको २ भदौमा शाक्य मुख्यमन्त्री नियुक्त भएकी थिइन् । शाक्य मुख्यमन्त्री नियुक्त भएकै दिन एमाले विभाजित भएको थियो ।

पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल एमालेबाट अलग भएर नेकपा (एकीकृत समाजवादी) दर्ता गराएका छन् । केन्द्रमा २३ प्रतिनिधिसभा सदस्य, आठ राष्ट्रियसभा सदस्य र ६० केन्द्रीय सदस्य सहित एकीकृत समाजवादी दर्ता भएको थियो । २३ भदौसम्म प्रदेशसभा सदस्य र स्थानीय तहका जनप्रतिनिधिहरुलाई पनि दल रोज्न दिइएको थियो । त्यसअनुसार, बागमती प्रदेशमा १३ प्रदेशसभा सदस्य नयाँ दलतिर लागेका छन् ।

१३ जनाले एमाले छोडेसँगै बागमती प्रदेशमा एमालेले बहुमत गुमाएको छ । १०९ सदस्यीय प्रदेशसभामा एमालेसँग ५५ जना थिए । अर्थात् एकल बहुमत थियो । तर १३ जना घटेसँगै मुख्यमन्त्री शाक्यले बहुमत गुमाएकी हुन् ।

तर पनि मुख्यमन्त्री शाक्यले मन्त्रिपरिषद् विस्तार गरेकी छन् । मुख्यमन्त्रीले छ मन्त्री तथा चार राज्यमन्त्री थपेकी हुन् । मुख्यमन्त्री शाक्यले आर्थिक मामिला तथा योजनामन्त्रीमा रचना खड्का, आन्तरिक मामिला तथा कानूनमन्त्रीमा डा अजयक्रान्ति शाक्य, भौतिक पूर्वाधार, उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्रीमा शान्तिप्रसाद पौडेल, सामाजिक विकासमन्त्रीमा विजयराज सुवेदी, भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्रीमा चन्द्रबहादुर लामा र स्वास्थ्यमन्त्रीमा प्रदीप कटुवाल नियुक्त गरेकी हुन् ।

प्रदेश सरकारका प्रवक्ता केशवराज पाण्डेका अनुसार भौतिक पूर्वाधार विकास राज्यमन्त्रीमा जीवन खड्का, सामाजिक विकास राज्यमन्त्रीमा जुनेली श्रेष्ठ, उद्योग, पर्यटन, वन तथा वातावरण राज्यमन्त्रीमा सरस्वती बाटी र भूमि व्यवस्था कृषि तथा सहकारी राज्यमन्त्रीमा बद्री मैनालीलाइ नियुक्त भए । सामाजिक विकास मन्त्रालयबाट स्वास्थ्य मन्त्रालयलाई अलग गरिएको छ । बागमतीमा जस्तै प्रदेश-१ का सरकार बाँकी पृष्ठ २ मा

# विदेश जाने कामदार घट्दा बीमा कम्पनीको पनि घट्यो आम्दानी

**रेशमराज पौडेल/मध्यान्ह**
काठमाडौं, २३ भदौ

नेपालबाट वैदेशिक रोजगारीमा जाने कामदारको संख्यामा कमी आएसँगै बीमा कम्पनीको पनि आम्दानी घटेको छ । राष्ट्र बैंकले गत आर्थिक वर्षको असार मसान्तसम्ममा वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिनेको संख्या ६२.८ प्रतिशतले घटेको बताएको छ ।

अघिल्लो आर्थिक वर्षको तुलनामा वैदेशिक रोजगार म्यादी बीमा गर्नेको संख्या ३२.९० प्रतिशतले घटेको बीमा समितिले जनाएको छ । गत वर्ष ८ लाख ६० हजार ५१९ म्यादी जीवन बीमालेख जारी भएको थियो । साउन मसान्तसम्ममा म्यादी बीमालेखको संख्या करिब ३३ प्रतिशतले घटेर ५ लाख ७७ हजार ४ सय १० मा सीमित भएको समितिले जनाएको छ ।

साउनसम्ममा म्यादी जीवन बीमा गर्ने कम्पनीहरुले ९ करोड रुपैयाँ बराबरको बीमा शुल्क असुल गरेका छन् । वैदेशिक रोजगारको म्यादी बीमाको लागि वैदेशिक रोजगार विभागमा १४ जीवन बीमा कम्पनीहरु सूचीकृत भएका भएपनि चार बीमा कम्पनीहरुले मात्रै बीमा गरिरहेका छन् ।

हाल नेशनल लाइफ, सूर्या लाइफ, रिलायबल नेपाल लाइफ र यूनियन लाइफ बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# अफगानिस्तानबाट आए थप ३२ नेपाली

**काठमाडौं/रासस–** अफगानिस्तानबाट उद्धार भएका थप नेपाली नागरिकहरूको स्वदेश फर्कनेक्रम जारी छ । बुधबार कतार एयरको दोहा-काठमाडौं नियमित उडानबाट ३२ जना स्वदेश फर्केका छन् । हालसम्म ८९५ जना नेपाली काठमाडौं आइपुगेका तथा उद्धार गरिएकाहरू अन्य उडानबाट स्वदेश आउनेक्रम जारी रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

काठमाडौं आइपुगेकालाई अध्यागमनलगायत प्रक्रिया पूरा गरी कोभिड सङ्कट व्यवस्थापन केन्द्रको समन्वयमा सामाखुसीस्थित सरकारले व्यवस्थापन गरेको 'होल्डिङ सेन्टर'मा स्वास्थ्य मापदण्डअनुसार कोभिड-१९ को बाँकी पृष्ठ २ मा

# मलेसियामा ३ कामदारको मृत्यु

**रामप्रसाद सुवेदी संगम/मध्यान्ह**
मलेसिया, २३ भदौ

कोरोना भाइरस संक्रमणका कारण वैदेशिक रोजगारीका लागि मलेसियामा रहेका तीन नेपाली कामदारको मृत्यु भएको छ । मंगलबार एकै दिन कोरोना संक्रमणका कारण मलेसियामा तीन जना बाँकी पृष्ठ २ मा

# जनप्रतिनिधि नै मान्दैनन् मापदण्ड

**रेशम अधिकारी/मध्यान्ह**
रुपन्देही, २३ भदौ ।



कोरोना भाइरस संक्रमण र जोखिम उच्च रहेकाले सरकारले विभिन्न स्वास्थ्यका मापदण्ड अपनाउन र संक्रमणबाट जोगिन बारम्बार अनुरोध गर्दै आएको छ । सरकारले चाडपर्व नजिकिँदै गरेको र संक्रमणको जोखिम बढेका कारण सबैलाई आफ्नै घर भित्र पर्व मनाउन अनुरोध गरेको छ । सरकारको आग्रह अनुसार नै विभिन्न स्थानीय तहमा स्वास्थ्य मापदण्ड पालना गर्दै पर्व मनाइँदै छ । तर लुम्बिनी प्रदेशको रूपन्देही जिल्ला देवदह नगरपालिकाको कुरा भने अलग छ ।

देवदह नगरपालिकाले गत साउन ३२ गते प्रमुख जिल्ला अधिकारी अस्मान तामाङको संयोजकत्वमा बसेको जिल्ला कोभिड १९ व्यवस्थापन केन्द्रको बैठकले संक्रमण कम भएपनि जोखिम कायमै बाँकी पृष्ठ २ मा

## मेनपावर चाहियो

कुनै उजुर बाजुर नभएको, SAUDI ID भएको मेनपावर कम्पनी आवश्यक परेकोले बेच्न इच्छुक इजाजत पत्रवालाले सिधै सम्पर्क गर्नुहोला ।

सम्पर्कः ९८१३५८९४७५

## कतारमा रोजगार | कम्पनी: AL JABER INFRASTRUCTURE CO.
शहर: DOHA

LT. No.: 245199

| सि. नं. | कामदारको पद | पुरुष | महिला | मासिक तलब |
|---|---|---|---|---|
| 1. | Labourer | 12 | 0 | 1000 |
| 2. | Foreman | 3 | 0 | 2500 |

(16 September 2021) ... Heavy Driver/Auto AC Electrician/Auto Hydraulic Mechanic ...

Diamond Star Overseas Pvt. Ltd.
Buddhanagar-10, Kathmandu, Nepal.
PH: 01-4796680, Mob: 9801886843/9823119988

## UAE मा रोजगारको अवसर | कम्पनी : FOR FOCUS POWER SECURITY SERVICES LLC
शहर : UAE

पूर्व स्वीकृत मितिः २०७८/०५/२३ चलानी नं.: ६०१६२६०६ LT. No.: 245237

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Male Security Gaurds | 40 | 0 | स. काममा दक्ष | 1200 | ३८,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Male Life Gaurds | 10 | 0 | | 1200 | ३८,९८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा भदौ ३१ गते (16 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Moon Human Resource Pvt.Ltd.
Chakra Path, Kathmandu, Nepal, Tel :014372834
Mob.: 9813993581/9849458975/9863226908/
9851011743/9841992084, 9861137653 9851275668
Email: documentationofmoon@gmail com

इजाजत पत्र नं. ११५१/०७३/०७४

## कञ्चनपुर डायरी

गोमती पाल/मध्यान्ह

# कञ्चनपुरका स्थानीय तहमा एक चौथाई जनप्रतिनिधि पनि पुगेनन् समाजवादीमा



कञ्चनपुरमा स्थानीय तहका ५३ जना जनप्रतिनिधिले नेकपा( एमाले) छाडेर नेकपा (एकीकृत समाजवादी) रोजेका छन् । निर्वाचन आयोगको समय सीमा अनुसार सोमबारसम्म उनीहरुले एकीकृत समाजवादीमा सनाखत गरेका हुन् ।

सखनाखतको अन्तिम दिन सोमबार भीमदत्त नगरपालिका १४ का वडा सदस्य हिक्मत बहादुर विष्ट र दोधारा चाँदनी नगरपालिका नगर कार्यपालिका सदस्य नन्दकला सुनारले समाजवादीमा सनाखत गरेका छन् । कृष्णपुर नगरपालिका तीन जना प्रतिनिधिले सनाखत फिर्ताका लागि निर्वाचन कार्यालयमा निवेदन दिएका छन् । उनीहरुले आइतबार समाजवादीमा सनाखत गरेका थिए । कृष्णपुरका तीन जनप्रतिनिधि बाहेक समाजवादीमा ४८ जनप्रतिनिधि पुगेका छन् । स्थानीय तह निर्वाचनमा सबै ९ ओटै तहमा एमालेले प्रमुख उप प्रमुखसहित २ सय ७४ जनाले चुनाव जितेका थिए । त्यसमध्ये सखनाखत फिर्ता लिएका कृष्णपुरका तीन सहित १९ प्रतिशत जनप्रतिनिधि समाजवादीमा गएका छन् । सनाखत फिर्ता लिएका तीन जना छाड्दा १८ प्रतिशत हाराहारी छ।

कृष्णपुरका तीन जनप्रतिनिधिले सनाखत फिर्ता गर्न निवेदन दिएपछि एकीकृत समाजवादी जनप्रतिनिधि बनेको छ । लालझाडी गाउँपालिकामा एमाले जनप्रतिनिधि भएको छ । एमालेका डिठ्ठा राना सहित तीन वडा सदस्यले समाजवादी रोजेका छन् । उनीहरुले सोमबार निर्वाचन कार्यालय आएर सनाखत गरेका छन् ।

लालझाडीका ६ वडामा एमालेले तीन वडा सदस्य मात्रै जितेको थियो । त्यसमध्ये राना जिल्ला समन्वय समिति सदस्य भएका थिए । एमालेको टिकट वितरण विवादले अन्तिम समयमा मात्रै उम्मेदवारी टुंगो लागेको थियो ।

कृष्णपुर नगरपालिकामा मेयर, उपमेयर र तीन वडा अध्यक्षसहित २६ जनाले चुनाव जितेका थिए । उनीहरुमध्ये मेयर कर्ण बहादुर हमाल र उप मेयर रमिता राना यस संसद विघटनपछि एमालेको नेपाल समूह छाडेर संस्थापनमा गएका थिए ।

दोधारा चाँदनी नगर पालिकाका कार्यपालिका सदस्य नन्दकला सुनार समाजवादीमा गएकी छन् । उप मेयर चिनी गिरी सहित २६ जनाले निर्वाचन जितेका थिए । एमालेमा २५ जनप्रतिनिधि छन् ।

भीमदत्तमा एमालेबाट निर्वाचित ९ जनाले एकीकृत समाजवादी रोजेका छन् । मेयर सुरेन्द्र विष्ट सहित ५६ जनाले चुनाव जितेका थिए। उनीहरुमध्ये मेयर विष्टसहित ८ वडा अध्यक्ष र सदस्य गरी ४९ जना एमालेमा छन् । भीनपा १८ का अध्यक्ष राजेन्द्र पाण्डेय, ६ का अध्यक्ष हरक सिह धामी, कार्यपालिका सदस्यहरु प्रताप तिरुवा, मदन सेराला, सर्जन सुनार, वडा सदस्यहरु अर्जुनदेब भट्ट, दल बहादुर बोहरा, हिक्मत बहादुर विष्ट समाजवादी गएका छन् ।

एमालेले वडा नं. ६, ८, ९, १०, १४, १५, १६, १७, १८ र १९ मा अध्यक्ष सहित सबै सदस्य जितेको थियो । भीनपा ७ र ११ मा केही सदस्यले चुनाव जितेका थिए । नेपाल समूहका मेयर विष्ट केही महिना अघि एमाले संस्थापनमा आएका हुन् । उनी एमालेका जिल्ला सचिव हुन् ।

बेदकोटका मेयर अशोक कुमार चन्द, उपमेयर सुशिला सिह लगायत ३९ जनप्रतिनिधि एमालेमै बसेका छन् । बेदकोटमा मेयर सहित ४२ जनाले चुनाव जितेका थिए । कार्यपालिका सदस्य सहित र दुई सदस्य गरी तीन जना समाजवादी गएका छन् । नेपाल समूहका मेयर चन्द र उप मेयर सिह लगायतका जनप्रतिनिधिले केही दिन अघि मात्रै एमालेमा बस्ने निर्णय गरेका हुन् ।

शुक्लाफाँटा नगरपालिकामा दुई अध्यक्ष सहित १० जनाले समाजवादी रोजेका छन् । एमालेका उप मेयर सहित १८ जनाले निर्वाचन जितेका थिए । उप मेयर तुलसीदेवी हमाल सुरुदेखि एमाले संस्थापनमा छिन् । दुई अध्यक्ष सहित १० जनाले समाजवादी रोजेका छन् ।

पुनर्वास नगरपालिकामा मेयर जीवनराज थापा समाजवादी र उप मेयर शारदा विष्ट एमालेमा छन् । नेपाल समूहका मेयर थापाले निर्वाचन कार्यालय आएर सनाखत गरेका छन् । उनीसहित दुई वडा अध्यक्ष गरी १३ जना समाजवादी गएका हुन् । उप मेयर विष्ट एमाले संस्थापनबाटै टिकट पाएकी हुन् । एमालेमा उप मेयर सहित २३ जनप्रतितिधि बाँकी छन् । मेयर थापा एमाले कञ्चनपुरका जिल्ला उपाध्यक्ष हुन् । उनीसंगै एमाले अध्यक्ष तारालामा तामाङ्ग पनि समाजवादीमा छन् ।

बेलौरीका २९ एमाले जनप्रतिनिधिमा २० जना एमालेमा छन् । दुई अध्यक्ष सहित ९ जना समाजवादी गएका छन् । स्थानीय तह निर्वाचनमा उप मेयर चित्रा कुमारी चौधरी सहित २९ जनाले चुनाव जितेका थिए । उप मेयर चौधरी एमालेमै छिन् ।

बेलडाँडी गाउँपालिकाका २२ जनामध्ये एक जना जनप्रतिनिधि मात्रै समाजवादी गएका छन् । स्थानीय तह निर्वाचनमा एमालेबाट बेलडाँडीमा अध्यक्ष उपाध्यक्ष सहित २३ जनाले चुनाव जितेका थिए । बेलडाँडी ५ का अध्यक्षको निधन भएपछि २२ जन प्रतिनिधि छन् । उनीहरुमध्ये वडा नं. १ का अध्यक्ष अम्मर बहादुर खत्री समाजवादीमा गएका छन् ।

नेपाल समूहका अध्यक्ष धन बहादुर थापा र उपाध्यक्ष कमलादेबी कार्की संसद विघटनपछि एमाले संस्थापन भएका थिए । गाउँपालिकाका प्रवक्ता खत्री पनि अन्तिमसम्म एमालेमा थिए ।

## भारतबाट भित्रिएको डेढ लाख बढीको अवैध समान बरामद

भारतबाट अवैधरुपमा भित्रिएको समान बरामद गरिएको छ । सशस्त्र प्रहरी बल नेपाल नं. ३५ गण हेड क्वाटर शैलेश्वरी मातहतको बोर्डर आउट पोष्ट गड्डाचौकी र पुनर्वासको टोलीले समान बरामद गरेको हो ।

सशस्त्र प्रहरीका अनुसार एक लाख ७१ हजार मूल्य बराबरको समान बरामद गरिएको छ । ती समानमा खाद्य सामाग्री, बिडि, सुर्ती, कस्मेटिक तथा किराना सामान छन् । बरामद समान गड्डाचौकी भन्सार कार्यालय कञ्चनपुरमा बुझाइएको छ ।

# सर्वसाधरणका लागि काल बन्दै सिटी सफारी

## २ वर्षमा ९ जनाको मृत्यु, अब नियन्त्रण गर्न सकिँदैन : उपमहानगर

तेजबहादुर बन/मध्यान्ह
इटहरी, २३ भदौ



सडकको अवस्था र शहरले थेग्न सक्ने क्षमता नहेरी सम्बन्धित निकायले भटाभट दर्ता गरिदिनाले मुख्य राजमार्गमा गुडिरहेका विद्युतीय रिक्सा सिटी सफारी व्यवस्थापन अहिले सबैका लागि टाउको दुखाइको विषय बनेको छ । नियमनकारी निकायले समयमै ठोस् कदम चाल्न नसक्दा अहिले इटहरीमा सफारी व्यवस्थापन सबैका लागि टाउको दुखाइको विषय बनेको हो ।

बढ्दो शहरीकरणसँगै साँघुरिएको राजमार्गमा क्षमताभन्दा बढी सफारी गुड्न थालेपछि दुर्घटनाको जोखिमलाई मध्यनजर गर्दै प्रदेश नं एक ट्राफिक प्रहरी कार्यालय इटहरीका तत्कालीन प्रहरी प्रमुख एसपी पवन कुमार गिरीले सफारीलाई राजमार्गमा गुड्न प्रतिबन्ध लगाएका थिए । सुरूवाती चरणमा उक्त नियम कार्यान्वयन भएपनि उनको उदयपुर सरूवा भएपछि कार्यान्वयन लथालिंग बनेको थियो ।

उनीपछि आएका ट्राफिक प्रहरी प्रमुखहरूले इटहरीको मुख्य राजमार्गमा गुड्ने सिटी सफारी व्यवस्थापनमा पटक-पटक सर्वदलीय छलफल बोलाए पनि समस्या ज्यूँका त्युँ नै रहेको छ । यसअघि इटहरीमा तीन चक्के रिक्सा सञ्चालन हुँदै आएका थिए । रिक्साको सट्टा तीन चक्के अटो बजारमा ल्याउने तयारी थालिरहँदा व्यवसायीहरूले विरोध गर्दै सफारीलाई प्राथमिकता दिएपछि इटहरीमा सफारी सञ्चालन हुन थालेको थियो । तीन चक्के अटोबाट उत्पन्न ध्वनीसँगै धुँवाले वातावरणमा नकारात्मक असर पुऱ्याउने भन्दै शहरमा तीन चक्के सफारीको उत्पादन र सञ्चालन शुरू भएको थियो ।

वातावरण र शहरका लागि सुरक्षित मानिएको यही सिटी सफारी अहिले सर्वसाधरण नगरवासीहरूका लागि भने काल बन्न थालेको छ । सुरूवाती समयमा एक सय ५० देखि २ सयसम्म मात्र सफारीहरू राजमार्गमा गुडेको देखिन्थे भने अहिले यही राजमार्गमा ४ हजारसम्म सफारी निर्वाधरूपमा सञ्चालन हुँदै आएका छन् । त्यसमध्ये पनि सम्बन्धित निकायमा दर्ता नै नगरी राजमार्गमा निस्कने सफारीहरूको संख्या बढ्दो रहेको छ ।

यसरी दर्ता बिना नै राजमार्गमा निस्किएका सफारीहरूका कारण दैनिक दुर्घटनाको जोखिम बढ्ने गरेका छन् भने उपमहानगरले पनि वार्षिक ३ करोडको राजस्व गुमाउँदै आएको छ। उपमहानगरमा २ हजार १ सय ४४ वटा सिटी सफारीहरू दर्तामा रहेका छन् भने राजमार्गमा ४ हजार बढी सफारीहरू सञ्चालन हुँदै आएका छन् ।

क्षमताभन्दा बढी सफारी राजमार्गमा निस्कन थालेपछि अहिले ट्राफिक व्यवस्थापन नै अस्तव्यस्त बनेको छ। त्यतिमात्र नभई गत २ वर्षको अन्तरालमा सिटी सफारीकै कारण ९ जनाले ज्यान गुमाएको प्रदेश एक ट्राफिक प्रहरी कार्यालय इटहरीको तथ्यांकले देखाउँछ।

प्रदेश एक ट्राफिक प्रहरी कार्यालय इटहरीका प्रवक्ता डिएसपी सुमन तिम्सिनाले सडकको अवस्था र शहरले के कति थेग्न सक्छ त्यस्को आँकडा नहेरी उपमहानगरले दर्ता गरिदिँदा यो समस्या उत्पन्न भएको मध्यान्हलाई बताए । उनले पछिल्लो समय सफारी व्यवस्थापन अत्यन्तै जटिल बनेको पनि बताए । राजमार्गमा क्षमता भन्दा बढी सफारी निस्किँदा सडक साँघुरो हुने र यातायातका साधनहरू पनि जाममा पर्ने गरेका छन् । जसका कारण पैदलयात्री तथा सर्वसाधरणहरू प्रत्यक्ष मारमा परिरहेको उनले बताए ।

त्यस्तै सफारी व्यवस्थापनकै विषयमा इटहरी उपमहानगरका मेयर द्वारिकलाल चौधरीसँग सम्पर्क गर्दा उनले सुरूवाती समयमा तादरूकतासाथ काम गर्ने निकायहरू अहिले सेलाएका कारण यो समस्या आइपरेको बताए । 'अब सफारी व्यवस्थापन उपमहानगरले मात्रै गर्न सक्दैन,' उनले मध्यान्हसँग भने । अवस्था नियन्त्रण भन्दा बाहिर गएकाले उपमहानगर एक्लैले केही गर्न नसक्ने तर सबै संयन्त्र मिलेर समस्याको सामधान तर्फ उन्मुख हुनुपर्ने मेयर चौधरीको भनाइ थियो ।

# नापी कार्यालय सोलुखुम्बुको सेवा एक साता बन्द

रमन वन/मध्यान्ह
सोलुखुम्बु, २३ भदौ



नापी कार्यालय सोलुखुम्बुको सेवा एक हप्ताका लागि बन्द गरिएको छ । कार्यालयका एक पुरुष कर्मचारीमा कोरोना संक्रमण पुष्टि भएपछि भदौ २३ गतेदेखि २९ गतेसम्म सेवा बन्द गर्ने निर्णय गरिएको सुचना अधिकारी सिकेश कोइरालाले मध्यान्हलाई जानकारी दिए ।

उनका अनुसार सामान्य लक्षण देखिएका संक्रमित पुरुषको मंगलबार गरिएको एन्टिजेन परीक्षणमा रिपोर्ट पोजेटिभ आएको हो । संक्रमण थप फैलन नदिन कार्यालयको सम्पूर्ण सेवा एक हप्तालाई बन्द गर्न लागिएको कोइरालाले बताए ।

कन्ट्र्याक ट्रेसिङमा परेका अन्य कर्मचारीहरुको पनि बुधबार परीक्षण गरिएको नापी कार्यालयले जनाएको छ । कर्मचारीमा संक्रमण देखिएपछि यसअघि जिल्ला प्रशासन कार्यालयले साउन २७ गतेदेखि करिब २ हप्ता र मालपोत कार्यालयले साउन २२ गतेदेखि एक हप्ता सेवा बन्द गरेको थियो ।

### सभामुख...

तिमिल्सिनाले बैठक अन्त्य गरे। राष्ट्रियसभा बैठक २५ भदौमा बस्नेगरी स्थगित गरिएको छ ।

प्रतिनिधिसभा बैठक पनि २५ भदौसम्म स्थगित गरिएको छ । राष्ट्रियसभामा भने दल विभाजन सम्बन्धी अध्यादेश पेश हुन सकेन । राष्ट्रियसभामा पनि दल विभाजन सम्बन्धी अध्यादेश पेश गरिने कार्यसूची थियो ।

### अल्पमतमा...

पनि बदलिएको छ । नयाँ दलमा नगएका भीम आचार्य मुख्यमन्त्री बनेका छन्। तर उनले पनि संसदमा बहुमत गुमाएका छन् । शेरधन राईले राजीनामा दिएर आचार्य मुख्यमन्त्री बनेकी हुन् । यो प्रदेशमा एमालेसँग ५१ सांसद छन् । त्यस मध्ये दश जना नयाँ दलमा लागेका छन् । ९७ सदस्यीय प्रदेश १ मा आचार्यको सरकार जोगाउन ४८ सांसद आवश्यक पर्छ । तर अहिले एमालेसँग ४१ सांसद मात्रै रहेका छन् ।

### विदेश...

इन्स्योरेन्सले म्यादी बीमाका लागि पुलको व्यवस्थापनको काम गर्दै आएका छन् । त्यसमध्ये साउनसम्ममा सूर्या लाइफ इन्स्योरेन्सले सबै भन्दा धेरै म्यादी बीमालेख जारी गरेको छ ।

### अफगानिस्तानबाट...

परीक्षणलगायत प्रक्रियागत काम सम्पन्न गरी आवश्यक व्यवस्थापन भएको उक्त मन्त्रालयले बताएको छ । अफगानिस्तानमा फसेका नेपाली नागरिकलाई सकुशल स्वदेश फिर्तीको व्यवस्था प्रभावकारी तुल्याउन सरकारले उक्त मन्त्रालयका मध्य एशिया, पश्चिम एशिया तथा अफ्रिका महाशाखाका प्रमुख हरिश्चन्द्र घिमिरेको संयोजकत्वमा गठन गरेको उद्धार कार्यदलका अनुसार उद्धारमा सहजताका लागि कन्सुलर सेवा विभागको वेबसाइटमा रहेको अनलाइन पोर्टलमा दर्ता भएका, नेपाली राजदूतावास नयाँदिल्लीबाट प्राप्त विवरण तथा 'सिचुएशन सेन्टर' मा नाम टिपाएका नेपालीलाई सम्पर्क गरी उनीहरू हाल रहेको स्थानअनुसार समूह सूची तयार गरेर काबुलबाट उद्धार उडान गरिरहेका मित्र राष्ट्रहरूलाई उपलब्ध गराई उनीहरूको उद्धारमा आवश्यक सहकार्य र समन्वय भइरहेको छ ।

### मलेसियामा ...

नेपालीको मृत्यु भएको हो । मृत्यु हुनेमा धनुषा जनकपुर १२ जनकपुरधामका शत्रुधन साहू कलवार, अछामका छत्र वहादुर विष्ट र विनोद सिंह रहेका छन् ।

### जनप्रतिनिधि...

रहेको भन्दै कुनै पनि पार्टी प्यालेस र होटेलमा तीज विशेष (दरखाने, नाचगान गर्ने) खालका कार्यक्रम पूर्णरुपमा बन्द गर्ने र स्वास्थ्य मापदण्ड अनिवार्य रुपमा पालन गरी आ-आफ्नो घरमा तीज मनाउन अनुरोध गरेको भन्दै प्रमुख प्रशासकीय अधिकृत डिल्लीराम बेलबासेको नामबाट भदौ ५ मा सूचना जारी गऱ्यो ।

तर सूचना जारी गरेको भोलिपल्टदेखि नै देवदहमा धमाधम तीज विशेष दर खाने कार्यक्रम, सम्मेलन, शुभकामना आदानप्रदान लगायत कार्यक्रम सम्पन्न भए ।त्यो दृष्य देख्दा जोकोहीलाई लाग्थ्यो कि संक्रमण, जोखिम शून्य छ सबैले कार्यक्रम, भिडभाड मज्जाले गर्दा हुन्छ । अन्य संस्था वा पार्टीले कार्यक्रम गर्दा त्यति फरक नपर्ला तर सूचना जारी गर्दै कार्यक्रम पूर्ण रुपमा बन्द गर्ने र स्वास्थ्य मापदण्ड अनिवार्य रुपमा पालन गरी आ-आफ्नो घरमा तीज मनाउन अनुरोध गर्ने देवदह नगरपालिकाबाट नै होटेलमा शुभकामना आदानप्रदान कार्यक्रम आयोजना गरी सूचनाको खिल्ली उडाउने काम भएको थियो।

देवदह नगरपालिकाले भदौ २२ गते कार्यक्रम आयोजना गऱ्यो । नगरपालिकाका प्रमुख हिरा खत्री, उपप्रमुख विद्यालक्ष्मी गुरुङ, प्रमुख प्रशासकीय अधिकृत डिल्लीराम बेलबासेलगायत विभिन्न वडाका प्रतिनिधिको उपस्थिति रहेको उक्त कार्यक्रममा न कुनै स्वास्थ्य मापदण्ड अपनाइएको थियो न त सामाजिक दूरी नै कायम गरिएको थियो। नगरकै अभिभावक भनिएका जनप्रतिनिधिले नै स्वास्थ्य मापदण्डको उल्लंघन गरेपछि अन्यले के गर्लान् भन्ने गम्भिर प्रश्न खडा भएको छ ।

त्यस्तै लायन्स क्लब अफ देवदहले पनि तीज विशेष कार्यक्रम आयोजना गऱ्यो। देवदहका शैक्षिक व्यक्ति, जनप्रतिनिधि सहभागी रहेको उक्त कार्यक्रम अरु भन्दा झनै भव्यरुपमा सम्पन्न भयो । तीजको कार्यक्रममा महिलाभन्दा पुरुषको सहभागिता बढी रहेको कार्यक्रम दरको नाममा पुरुषले मादकपदार्थ समेत सेवन गरेका थिए । शैक्षिक व्यक्तित्व आवद्ध रहेको संस्थाले नै यो हर्कत गर्दा विद्यार्थीले के सिक्ने भन्ने प्रश्न उब्जिएको छ ।

यस्तै लियो क्लब अफ लर्ड बुद्धले आयोजन गरेको तीज साथै सम्मान कार्यक्रममा पनि स्वास्थ्य मापदण्ड पालना गरेको देखिएन । क्लबका अध्यक्षले नै मास्क लगाएका थिएनन् ।

यस्तै लियो क्लब अफ लर्ड बुद्धले आयोजन गरेको तीज साथै सम्मान कार्यक्रममा पनि स्वास्थ्य मापदण्ड पालना गरेको देखिँदैन । क्लबकै अध्यक्षले नै मास्क लगाएका थिएनन् ।

यस्तै विद्यार्थी संगठन अनेरास्ववियुले आयोजना गरेको दर खाने कार्यक्रममा देशका कर्णधार भनिएका युवा विद्यार्थीहरु नै स्वास्थ्य मापदण्ड पालना नगरी देवदह आदर्श बहुमुखी क्याम्पसमा नाचगान गरेका थिए ।

तीज विशेष कार्यक्रमहरुको लर्को चलिरहँदा यता आफ्नो संगठन बलियो पार्न अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी)ले नगर सम्मेलन आयोजन गरेको थियो । तर तीज कार्यक्रममा झैं यहाँ पनि सामाजिक दूरी वा स्वास्थ्य मापदण्ड पालना भएको देखिएन । महामारीको समयमा यसरी सजगता नअपनाई कार्यक्रम मनाउँदा कोरोना संक्रमण झनै फैलने जोखिम बढेको छ ।


## भूल सुधार

मिति २०७८/०५/२३ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित UAE मा रोजगार शिर्षक, **कम्पनी : AMINCO SECURITY SERVICES चलानी नं.: ६०१६२५७१**, L.T. No.: 245223, को विज्ञापनमा **मासिक तलब** CURRENCY **'AED'** हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

**Saptakoshi Human Resource Pvt. Ltd.**
Tilganga-9, Kathmandu Tel: +977- 1- 4483524, 4483525
Email: info@saptakoshihr.com

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
## वैदेशिक रोजगार विभाग
### सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न ईजाजत प्राप्त संस्था श्री **ब्लु ग्यालेक्सी ओभरसिज प्रा.लि. (इ.प.नं. १८६/०५७/०५८)**, काठमाडौंले तपसिल बमोजिमका सञ्चालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरु तपसिल बमोजिमका खरिदकर्तालाई बिक्री गरी दिई खरिदकर्ताको नाममा शेयर दा.खा. नामसारी गरि पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिँदा कोही कसैको हक स्वामित्व तथा लेना देनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सवुद प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारी को लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**तपसिल**

| साविक शेयरधनीको नाम/शेयर संख्या | अब कायम हुने शेयरधनीहरुको नाम/शेयर संख्या |
|---|---|
| १. ऋषिराम वली, ०१- देखि ३०,००० सम्म | १. गोमा भण्डारी, ०१ देखि १५,००० सम्म<br>२. विनोद कुमार जि.सी., १५००१ देखि २२,५००<br>३. अञ्जु ढकाल, २२५०१ देखि ३०,००० |

## UAE मा रोजगारको अवसर

कम्पनी : MAGNUM SECURITY SERVICES
शहर : UAE

पूर्व स्वीकृत मितिः २०७६/०८/२२ पून स्वीकृत मितिः २०७८/०५/२३ चलानी नं.: ६०१४७८७९ पून चलानी नं.: ४३०३ LT. No.: 228817

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Guard | 50 | 0 | स. काममा दक्ष | 1200 | ३८,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

नोटः SLC पास भई अंग्रेजी राम्रो सँग बोल्न र लेख्न सक्ने हुनुपर्नेछ । उमेर २६ बर्ष पुरा भई ३८ बर्ष ननाघेको र उचाई ५ फिट ६ ईन्च भन्दा माथि हुनुपर्नेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय सामाखुसी काठमाडौंमा ३१ गते (16 September 2021) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Link International Placement Service Pvt.ltd.**
Govt. Lic. No.: 821/066/067 ISO 9001 : 2015
Tokha-10, Prayasnagar, Samakhusi, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

## साउदीमा रोजगार

१. कम्पनी: ONAIZA ELITE GENERAL CONTRACTING CORPORATON
शहर: Qassim

पूर्व स्वीकृत मितिः २०७७/१२/०१ चलानी नं.: ६०१५५५०७ L.T. No.: 237188 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 4 | 0 | स. काममा दक्ष | 1800 | ५६,२३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: AZIZA AHMED SALEM AL-QARNI BUFFET FOR DRINKS
शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७८/०५/१८ चलानी नं.: ६०१६२५९१ L.T. No.: 244862

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनी: CLOUD CAR WASH
शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७८/०५/२३ चलानी नं.: ६०१६२६३९ L.T. No.: 245079

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Washing And Lubricating Labour | 3 | 0 | स. काममा दक्ष | 1000 | ३१,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा भदौ ३१ गते (16 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं.१ को रु. १०,०००/- क.नं.२ र ३ नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. ८३४/०६६/०६७
**चाँदनी म्यानेजमेन्ट सर्भिसेज प्रा. लि.**
पुरानो बानेश्वर, काठमाडौं, नेपाल, फोन: ४४७४४६२,९८५१०५७४७९

# सुदूरपश्चिम प्रदेशमा २२२ जनप्रतिनिधि एमाले छाडेर समाजवादीमा

**हिमेश बि.क/मध्यान्ह**
धनगढी, २३ भदौ

सुदूरपश्चिम प्रदेशमा नेकपा एमालेबाट विजयी ६ संघीय सांसदसहित २ सय २२ जना जनप्रतिनिधिले नेकपा (एकीकृत समाजवादी) पार्टी रोजेका छन् ।

माधव कुमार नेपालले एमाले फुटाएर नेकपा (एकीकृत समाजवादी) पार्टी गठन गरेपछि निर्वाचन आयोगले प्रदेश र स्थानीय तहका एमालेका जनप्रतिनिधिलाई दिएको दल रोज्ने समयावधि सोमवार सकिएको छ । निर्वाचन आयोगले प्रदान गरेको यस अवधिमा सुदूरपश्चिमका ९ जिल्लामा एमालेबाट विजयी २ सय २२ जनाले एकीकृत समाजवादी पार्टीमा सनाखत गरेका हुन । एमाले विभाजनपछि प्रदेश सांसद, स्थानीय तहका प्रमुख, उपप्रमुख, वडाध्यक्ष, वडा सदस्यलाई दल रोज्न एक साता दिइएको थियो। संघीय सांसदले यसअघि नै निर्वाचन आयोगमा सनाखत गरिसकेका छन् ।

सुदूरपश्चिममा एमाले छोडेर एकीकृत समाजवादी रोज्नेमा सबैभन्दा बढी कैलालीमा ६५ जना जनप्रतिनिधि छन् । यस्तै सबैभन्दा कम दार्चुलामा २ जनप्रतिनिधिले एकीकृत समाजवादी रोजेका छन् ।



### कैलाली

कैलालीमा एमालेबाट विजयी ६५ जना जनप्रतिनिधिले नेकपा एकीकृत समाजवादी रोजेका छन् । १३ स्थानीय तह रहेको कैलालीमा एमाले ७ स्थानीय तहमा प्रमुख ९ उपप्रमुख जितेको थियो । तीमध्ये घोडाघोडी नगरपालिकाकी उपमेयर प्रेमकुमारी थापा, गोदावरी नगरपालिकाका उपमेयर रत्ना कडायत र मोहन्याल गाउँपालिकाकी उपाध्यक्ष पूजादेवी बुढामगर सहित ६५ जना जनप्रतिनिधिले एकीकृत समाजवादीमा सनाखत गरेका निर्वाचन कार्यालयले जनाएको छ ।

### कञ्चनपुर

कञ्चनपुरमा एमालेबाट विजयी ५१ जना जनप्रतिनिधि एकीकृत समाजवादीमा गएका छन् । जिल्ला निर्वाचन कार्यालय कञ्चनपुरका प्रमुख उदयराज जोशीका अनुसार एमालेबाट विजयी ५१ जना जनप्रतिनिधिले एकीकृत समाजवादीमा सनाखत गरेका छन् । पुनर्वास नगरपालिकाका मेयर जीवन थापा, ११ जना वडाध्यक्ष सहित ५१ जना एमालेका जनप्रतिनिधिले एकीकृत समाजवादी रोजेका हुन् । ९ वटा स्थानीय तह रहेको कञ्चनपुरमा एमालेले ५ वटामा प्रमुख र ७ वटामा उपप्रमुख जितेको थियो ।

### डडेल्धुरा

डडेल्धुरामा एमालेबाट विजयी २ जना जनप्रतिनिधि मात्रै एकीकृत समाजवादीतिर लागेका छन् । निर्वाचन कार्यालय डडेल्धुराका अनुसार अमरगढी नगरपालिका-५ का वडाध्यक्ष खेमराज पाठक र भागेश्वर गाउँपालिका-४ का सदस्य प्रेम सिंह साउदले एकीकृत समाजवादीमा सनाखत गरेका छन् । ७ वटा स्थानीय तह रहेको डडेल्धुराका दुई स्थानीय तहमा एमालेले प्रमुख-उपप्रमुख जितेको थियो ।

### डोटी

निर्वाचन कार्यालय, डोटीका अनुसार ३ जना जनप्रतिनिधिले एकीकृत समाजवादीमा सनाखत गरेका छन् । पूर्वी चौकी गाउँपालिका अध्यक्ष दीर्घराज बोगटी, दिपायल सिलगढी नगरपालिकाका उपप्रमुख शिवराज खड्का र सायल गाउँपालिकाका एक वडाध्यक्षले एमाले छोडेका हुन् ।

### बैतडी

बैतडीमा २३ जना जनप्रतिनिधिले नेकपा एकीकृत समाजवादी रोजेका छन् । जिल्ला निर्वाचन कार्यालय बैतडीका अनुसार एमालेबाट विजयी २३ जना जनप्रतिनिधिले एकीकृत समाजवादीमा सनाखत गरेका हुन । बैतडीका १० स्थानीय तहमध्ये एमालेले तीन स्थानीय तहमा दुवै पद, २ वटामा उपप्रमुख र एउटा गाउँपालिकामा उपाध्यक्ष जितेको थियो ।

### दार्चुला

दार्चुलामा एमाले विभाजनमा २ जना जनप्रतिनिधि गएका छन् । एमालेबाट निर्वाचन २ जना जनप्रतिनिधि एकीकृत समाजवादीमा गएको दार्चुलाका एमाले नेता गेल्बु सिंह बोहराले मध्यान्हलाई बताए ।

### बझाङ

बझाङमा एमालेका २५ जना जनप्रतिनिधिले एकीकृत समाजवादी रोजेका छन् । जिल्ला निर्वाचन कार्यालयका प्रमुख करुणाकर पन्तका अनुसार एक गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष सहित वडाध्यक्ष, सदस्य गरेर २५ जनाले एकीकृत समाजवादी पार्टीमा सनाखत गरेका हुन । १२ स्थानीय तह रहेको बझाङ्गमा एमालेले ८ स्थानीय तहमा प्रमुख-उपप्रमुख र एक स्थानीय तहमा उपप्रमुख मात्रै जितेको थियो ।

### बाजुरा

निर्वाचन कार्यालय बाजुराका अनुसार ५ जना एमालेका जनप्रतिनिधिले नेकपा एकीकृत समाजवादीमा सनाखत गरेका छन् । एमाले छोड्नेहरूमा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष एक९एक जना, २ जना वडाध्यक्ष र एक जना सदस्य छन् । बाजुराका ९ स्थानीय तहमध्ये एमालेले तीनवटा स्थानीय तहमा प्रमुख-उपप्रमुख दुबै पद र एक नगरपालिकामा उपप्रमुख जितेको थियो ।

### अछाम

निर्वाचन कार्यालयका अनुसार अछाममा २७ जना जनप्रतिनिधिले एमाले छोडेर एकीकृत समाजवादीमा सनाखत गरेका छन् । अछामका दुई स्थानीय तहका प्रमुखले एमाले छोडेका छन् । भीम रावलको निर्वाचन क्षेत्र अन्तर्गत पर्ने साँफेबगर नगरपालिकाका मेयर कुल बहादुर कुँवर, उपमेयर बिर्मलादेवी बुडथापा, चौरपाटी गाउँपालिकाका अध्यक्ष हर्क बहादुर साउद सहित वडाध्यक्ष, वडासदस्य गरी २७ जना जनप्रतिनिधिले एमाले छोडेका हुन् । अछाममा ४ वटा नगरपालिका र ६ वटा गाउँपालिका गरेर जम्मा १० वटा स्थानीय तह छन् । तीमध्ये दुई नगरपालिकामा एमालेले प्रमुख, उपप्रमुख र एक गाउँपालिकामा अध्यक्ष जितेको थियो ।

# नुवाकोटको त्रिशुली अस्पतालमा विस्तारित सेवा शुरु

**दिवस ढकाल/मध्यान्ह**
नुवाकोट, २३ भदौ

नुवाकोटको त्रिशुली अस्पतालले विस्तारित सेवा सुरु गरेको छ । गत शुक्रबार आस्पताललले एक विज्ञप्ति जारी गर्दै आस्पताललले विस्तारित सेवाको औपचारिक रुपले सुरु गरेको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष अर्जुन न्यौपानेले बताए ।



त्रिशुली अस्पतालमा सेवाग्राहीको चापलाई व्यवस्थित गर्न र सहज रुपमा सेवा प्रदान गर्न हाल बिहान १० बजेदेखि दिउँसो ३ : ३० बजेसम्म मात्रै सेवा प्रदान गर्दै आएको अस्पतालले अब साँझ ७ बजेसम्म स्वास्थ्य परीक्षण र सेवा प्रदान गर्ने अध्यक्ष न्यौपानेले बताए ।

कार्यालय समयभित्र उपचारका लागि समय मिलाउन अप्ठ्यारो भएका र व्यस्तताका कारणले बिहान तथा दिउँसो उपचार सेवा लिन नसक्नेहरुलाई मध्यनजर गर्दै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको विस्तारित अस्पताल सेवा कार्यविधि अनुसार विस्तारित सेवा सुरु गर्न लागिएको हो', अध्यक्ष न्यौपानेले भने, 'अबदेखि नियमित सेवा लिन चाहने सेवाग्राहीहरुले बिहान ९:०० बजे देखि दिउँसो १२:०० बजेसम्म र विस्तारित सेवा लिन चाहने सेवाग्राहीहरुले बिहान १०:०० बजेदेखि साँझ ५.०० बजेसम्म नाम दर्ता गरी सेवा लिन सकिने व्यवस्था मिलाइएको छ ।' अस्पतालको नियमित तथा विस्तारित सेवामा साधारण स्वास्थ्य समस्या, मेडिसिन, बालरोग, स्त्री तथा प्रसुती, सर्जरी, हाडजोर्नी लगायतका विभिन्न विधाका उपचार सेवा उपलब्ध हुने अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. दिपेन्द्र पाण्डेले जानकारी दिए ।

विस्तारित सेवा लिनको लागि अस्पताल परिसरमा नै टिकट काउण्टरको व्यवस्था गरिएको छ । बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म १०५६०२३१ मा फोन गरेर पनि टिकट काट्न सकिने अस्पताल प्रशासनले जनाएको छ ।

### आस्पताल पेपर लेस प्रविधिमा जाँदै

पछिल्लो समय भौतिक संरचना लगायत जनशक्ति व्यवस्थापनमा सुधार गर्दै लगेको अस्पतालले आगामी दिनमा बिरामीको विवरण र प्रशासनिक कामहरु सबैलाई कम्प्युटर प्रणालीमा लैजाने भएको छ । आस्पताल पेपर लेस प्रविधिमा गएसँगै बिरामीहरुलाई स्वास्थ्य सेवा लिन सहज हुने र कागज बोकेर यताउता भौतारिनु नपर्ने अस्पताल व्यवस्थापन समितिका अध्यक्ष न्यौपानेले बताए ।

# नेपालटारमा प्रधानमन्त्री देउवा र मोदीको पुत्ला दहन

**इमरान खान/मध्यान्ह**
काठमाडौं, २३ भदौ

नेकपा एमाले निकट अनेरास्ववियु ग्रामीण आदर्श बहुमुखी क्याम्पस र राष्ट्रिय युवा संघ नेपाल ताराकेश्वर, एन आर क्याम्पस नेपालटारले बुधबार ताराकेश्वर नगरपालिका ११ नेपालटार चोकमा विरोध प्रदर्शन गरेको छ । प्रदर्शनका क्रममा आन्दोलनकारी र प्रहरीबीच झडप समेत भएको थियो ।



आन्दोलनकारीहरुले नेपालका प्रधानमन्त्री शेरबहादुर देउवा, गृहमन्त्री बालकृष्ण खाँड र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदिको पुत्ला दहन गरेका थिए ।

प्रदर्शनमा अनेरास्ववियु र युवा संघका कार्यकर्ताले 'एमसिसी मुर्दाबाद, जयसिंह धामिलाई न्याय दे, वाक स्वतन्त्र कायम गर, नेकपा एमाले जिन्दावाद' जस्ता नारा लगाई कार्यक्रम सम्पन्न गरेका थिए ।

प्रदर्शनका क्रममा युवा तथा विद्यार्थीहरुले राके जुलुश समेत निकालेका थिए। करिब एक सय बढी विद्यार्थीहरुले राके जुलुशसहित बिरोध प्रदर्शन गरेका थिए । आन्दोलनका क्रममा प्रहरी र आन्दोलन कारिहरुबिच झडप हुदा युवा संघका ताराकेश्वर नगर इन्चार्ज बलारामा सिटौला सहित दर्जनौं पर्दशनकरी घाइते भएका छन् । अनेरास्ववियु केन्द्रीय सदस्य तथा ग्रामीण आदर्श क्याम्पसका अध्यक्ष बाबुराम कुँवरले परमादेशबाट बनेको कम्फरटेबल सरकारले एमसिसी पास गरेमा थप सशक्त आन्दोलन गरिने मध्यान्हलाई जानकारी दिए । प्रदर्शनमा पानी परिरहेको भएतापनि आन्दोलनकारीको बाक्लो उपस्थिति रहेको थियो ।

# बिपीको १०८औँ जन्मजयन्ती

**काठमाडौं/मस-** नेपालको राजनीति र साहित्यमा महत्वपूर्ण योगदान दिनुभएका प्रथम जननिर्वाचित प्रधानमन्त्री बिपी कोइरालाको १०८औँ जन्मजयन्ती विभिन्न कार्यक्रम गरी आज देशभर मनाइँदैछ ।



नेपालमा प्रजातन्त्रको स्थापना एवं पुन:स्थापनाका लागि कठोर सङ्घर्ष गरेका कोइरालाको विसं १९७१ भदौ २४ गते जन्म भएको थियो । जहानियाँ राणा शासनको विरोधमा उनका पिता कृष्णप्रसाद कोइरालाले गरिब किसानले पहिरेको कपडा राणा प्रधानमन्त्री चन्द्रशम्शेरलाई पार्सल गरी पठाएपछि कोइराला परिवार भारत निर्वासनमा जानुपरेको थियो ।

निर्वासनमै बिपीले भारतको स्वतन्त्रता सङ्गाममा भाग लिए । भारत स्वतन्त्र भएपछि नेपालमा प्रजातन्त्र स्थापनाका लागि सहज हुन्छ भन्ने सोचले उनी त्यो आन्दोलनमा सक्रिय भएका हुन् ।

भारत निर्वासनकै क्रममा जहानियाँ राणा शासनको अन्त गर्न विसं २००३ मा बिपीको नेतृत्वमा नेपाली राष्ट्रिय कांग्रेस स्थापना भयो । प्रजातन्त्र स्थापना नै मुख्य लक्ष्य लिएर सुवर्णशम्शेरको नेतृत्वमा विसं २००६ मा स्थापना भएको नेपाल प्रजातन्त्र कांग्रेसका बीच एकता भएपछि विसं २००७ को क्रान्ति सफल भयो ।

क्रान्तिको सफलतापछि मोहनशम्शेरको नेतृत्वमा बनेको राणा-कांग्रेस सरकारमा बिपी गृहमन्त्री बने । विसं २०१५ को आमनिर्वाचनमा कांग्रेसले दुईतिहाइ बहुमत प्राप्त गरेपछि प्रथम जननिर्वाचित प्रधानमन्त्री बनेका कोइरालाले नेपालमा राष्ट्रियता, प्रजातन्त्र र समाजवाद स्थापनाका लागि राजनीतिक नेतृत्व प्रदान गरे । प्रधानमन्त्रीत्वकालमा उनले बिर्ता उन्मूलन गरी 'जग्गा जोत्नेको हुनुपर्छ' भन्ने भूमिसुधार कार्यक्रम लागू गराए ।

विसं २०१७ पुस १ गते शाही नेपाली सेनाको शक्तिका भरमा जननिर्वाचित सरकार अपदस्त गरिएपछि कोइरालालगायत नेतालाई सिंहदरबारमा बन्दी बनाइएको थियो । एक महिनापछि सेनाको सुन्दरीजल आर्सनलका प्रमुखको सरकारी निवासलाई वरिपरि पर्खालले घेरेर नेता कोइराला, संसद्का प्रथम सभामुख कृष्णप्रसाद भट्टराई, नेता गणेशमान सिंहलगायत मन्त्रीलाई सुन्दरीजल बन्दीगृहमा सारियो ।

विसं २०२५ मा स्वास्थ्य परीक्षणका लागि जेलमुक्त भएका कोइरालाले आठ वर्षसम्म भारतमा निर्वासित जीवन बिताए । भारतमा निर्वासित भएर प्रजातन्त्र पुन:स्थापनाका पक्षमा सङ्घर्ष गर्दा राष्ट्रियता कमजोर भएको विश्लेषण गरी आठवटा ज्यान मुद्दाको पर्वाह नगरी विसं २०३३ पुस १६ गते राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिई उनी स्वदेश फर्के । उनले अपनाएको मेलमिलापको नीति पनि मुलुकको राजनीतिमा उत्तिकै सान्दर्भिक छ ।

### कोइरालाको साहित्यिक व्यक्तित्व

क्यान्सर रोगले बिपीको विसं २०३९ साउन ६ गते निधन भयो । उनले नेपाली साहित्यका क्षेत्रमा पनि महत्वपूर्ण योगदान पुऱ्याएका छन् । नेपाली साहित्यमा मनोवैज्ञानिक यथार्थवादी धाराका प्रवर्तक कोइरालाका डेढ दर्जन कृति प्रकाशित छन् । कोइरालाका 'तीन घुम्ती', 'मोदी आइन', 'हिटलर र यहुदी', 'सुम्निमा', 'नरेन्द्रदाई', एवम् 'बाबु, आमा र छोरा' गरी छ उपन्यास प्रकाशित भएका छन् । त्यसैगरी दुई कथा सङ्ग्रह 'श्वेत भैरवी' र 'दोषी चश्मा', हरिप्रसाद शर्माको सम्पादनमा 'विश्वेश्वरप्रसाद कोइरालाका कथा र कविता', प्रकाशित छन् । वरिष्ठ अधिवक्ता गणेशराज शर्मासँगको वार्तामा आधारित 'आत्मवृत्तान्त', सुन्दरीजल बन्दीगृहमा बस्दाको दैनिकीमा आधारित 'जेल जर्नल', विसं २०३३ पुस १६ गते राष्ट्रिय एकता र मेलमिलापको नीति लिई स्वदेश फर्केपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट सिधै सुन्दरीजल बन्दीगृहमा लगिएपछि लेखिएको दैनिकी 'फेरि सुन्दरीजल'ले नेपालको तत्कालीन राजनीतिक अवस्थाको यथार्थ चित्रण गरेको छ ।

बिपीले लेखेका निबन्ध ज्ञाननिष्ठ ज्ञवालीको सम्पादनमा प्रकाशित सिसार पत्रिकामा 'साहित्यमा प्रगतिशीलता' विषयमा प्रकाशित छ । प्रजातान्त्रिक समाजवादका चिन्तक एवं प्रयोक्ता कोइरालाले स्वतन्त्ररूपमा चिन्तन, आयाम, परम्परा र शैली दिएर साहित्यका माध्यमबाट नेपाली वाङ्मयलाई शिखरमा पुऱ्याउन योगदान दिए ।

प्रथम जननिर्वाचित सरकारका प्रधानमन्त्री, संसद्का सभामुख एवं मन्त्रीहरुलाई बन्दी बनाइएको सुन्दरीजल बन्दीगृहलाई विसं २०६१ भदौ २४ गते बिपी सङ्ग्रहालयका रुपमा उद्घाटन गरियो । बिपीको जीवनका महत्वपूर्ण चीजबीजको सङ्कलन गरी दर्शनीय बनाइएको सङ्ग्रहालय विसं २०७२ वैशाख १२ गतेको भूकम्पले क्षतिग्रस्त बनेपछि पुरातत्व विभागले पुन:निर्माण अन्तिम चरणमा पुऱ्याइएको छ ।


**धर्मदेवी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मुडेशनिश्चरे, सङ्खुवासभा**

**लेखा परिक्षक सूचीकृत हुने सम्बन्धी सूचना ।**

**प्रथम पटक प्रकासित मितिः २०७८/०५/२४**

प्रस्तुत सूचनाका सम्बन्धमा यस नगरपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुको आ.व. २०७७/०७८ को आर्थिक कारोबारको लेखा परिक्षण गर्नका लेखा परिक्षकमा सूचीकृत हुन चाहने व्यक्ति वा फर्मले तपसिलका कागजात संलग्न राखी यो सूचना प्रकासित भएको मितिले १५ दिनभित्र रु.१,०००/- (अक्षरेपी: एक हजार) मात्र यस कार्यालयको नाममा जम्मा गरेको नगदी रसिदको सक्कलै प्रति राखी शिक्षा शाखामा निवेदन दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकासित गरिएको छ ।

**तपसिल**

१. सूचीकृत हुन पाऊ भन्ने निवेदन
२. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
३. फर्मको हकमा फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपि
४. पेशागत प्रमाण पत्र ICAN मा दर्ता भएको दर्ताको प्रमाण पत्रको प्रतिलिपि
५. नवीकरण प्रमाण पत्रको प्रतिलिपि
६. स्थायी लेखा नं प्रमाण पत्रको प्रतिलिपि
७. आ. व. ७७/७८ कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
८. लेखा परिक्षक बहाल कर्मचारी भए विभागीय स्विकृत पत्रको प्रतिलिपि

**शर्तहरु**

१. सूचीकृत हुने व्यक्ति वा फर्मले यस कार्यालयको नेपाल एस.बि.आई. बैक लि., धर्मदेवी शाखामा रहेको आन्तरिक राजस्व खाता नं. ग-१-१, ४१३९५२४१२०७००४ मा रु. १,०००/- (अक्षरेपी: एक हजार) मात्र जम्मा गरेको भौचर वा यस कार्यालयको राजस्व शाखामा रु.१,०००/- (अक्षरेपी: एक हजार) मात्र बुझाई लिएको रसिदको सक्कलै प्रति समावेश गर्नुपर्नेछ।
२. निवेदन दिने अन्तिम दिन विदा पर्न गएमा सोको भोलिपल्ट निवेदन दर्ता गर्न सकिनेछ ।
३. लेखा परिक्षक सूचीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार धर्मदेवी नगरपालिकामा निहित रहनेछ ।
४. रित नपुगी वा समयभन्दा पछि प्राप्त हुन आएका निवेदन उपर कुनै कारवाही हुने छैन ।
५. यस सूचनामा उल्लेख नभएका अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

## सम्पादकीय

# अचम्मको मौनता

नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्री निर्वाचित भएको दुई महिना हुन लाग्यो । पाँच दिनपछि देउवा प्रधानमन्त्री बनेको दुई महिना पुग्छ । २८ असारमा सर्वोच्च अदालतले प्रतिनिधिसभा पुनर्स्थापना गर्दै २९ असारमा देउवा प्रधानमन्त्री निर्वाचित भएका थिए । देउवाले ३ साउनको पहिलो प्रतिनिधिसभा बैठकमै विश्वासको मत पाएका थिए । देउवालाई नेपाली काँग्रेसका ६१, नेकपा माओवादी केन्द्रका ४९, जनता समाजवादी पार्टी (जसपा) को ३२, हालको नेकपा (एकीकृत समाजवादी) का २३ र राष्ट्रिय जनमोर्चाका एक सांसदले विश्वासको मत दिएका थिए । अर्थात् देउवाले प्रतिनिधिसभाका १६५ सांसदको सहज बहुमत पाएका थिए । तर यो गठबन्धनकै कारण प्रधानमन्त्री देउवाले दुई महिना पुग्न लाग्दा समेत मन्त्रिपरिषद्लाई पूर्णता दिन सकेका छैनन् ।

अहिले देउवासँग चार मन्त्री र एक राज्य मन्त्री मात्रै छन् । काँग्रेसका तर्फबाट दुई जना र माओवादी केन्द्रका तर्फबाट दुई मन्त्री मन्त्री छन् भने एक राज्य मन्त्री काँग्रेसबाटै देउवाले शपथ गराएका छन् । प्रधानमन्त्री देउवाले १० साउनमा स्वास्थ्य राज्यमन्त्री नियुक्त गरे । बाँकी सवै मन्त्रालय प्रधानमन्त्री देउवासँगै छन् । खोप, छिमेकी मुलुक भारतसँगको सीमा समस्या देखि जयसिंह धामी प्रकरण लगायत कुटनैतिक काम गर्नलाई परराष्ट्र मन्त्रालय मन्त्री विहीन छन् । कतिपय मन्त्रालयले विभागीय मन्त्री नपाएको चार महिना बढी भइसक्यो । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले समेत झण्डै एक महिना पाँच मन्त्रीका भरमा काम गरेका थिए । ओलीले नियुक्त गरेका मन्त्रीहरूलाई सर्वोच्च अदालतले पदमुक्त गरिदिएको थियो ।

दोस्रो पटक प्रतिनिधिसभा विघटन गर्ने ओली सर्वोच्च अदालतको आदेशबाट पदमुक्त भएपनि वर्तमान प्रधानमन्त्रीले पनि उही नियति दोहोर्‍याएका छन् । जबकी विश्वव्यापी कोरोना महामारीका कारण सिर्जित अवस्था सामान्यकालमा फर्काउन सरकारको विशेष भूमिका जरूरी छ । अरू अवस्था जस्तो सामान्य वा काम चलाउ तरिकाले नागरिकले राज्यको अनुभूति गर्न सक्ने छैनन् । तर सत्ता साझेदार दलहरूबीच शक्ति सन्तुलन मिलाउन नसक्दा दुई महिनासम्म प्रधानमन्त्री देउवाले सरकारलाई पूर्णता दिन सकेका छैनन् । बरू दल विभाजन गर्नेगरी अध्योदश ल्याउने र दलहरू विभाजन गर्नेतिर भने सरकारको प्राथमिकता देखिन्छ । अर्थात् नागरिकलाई सरकारको उपस्थिति जति जरूरी छ, नेतृत्वले भने त्यो आवश्यकता समेत देखेका छैनन् ।

## सामाजिक सञ्जाल



केपी ओली भनेपछि छाता देख्या बहर गोरू जसरी उफ्रिने एमालेका स्थानीय जनप्रतिनिधीहरू मध्ये थोरैले मात्र नेकपा (एस) रोजे । सबैजसो एमालेमै बसे । अरूलाई उल्क्याएर आफू पछि सर्नु भनेको टेलिसिरियलको हरिबहादुरको जस्तै छुल्याह पारा हो । हुन त एमालेभित्र हरिबहादुरहरूको के कमी छ र ?

- रञ्जीत तामाङ




एमसीसी निस्वार्थ अनुदान हो भने संसदबाट पास किन गर्नु पर्‍यो ? नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामाथि प्रश्न उठ्ने र आँच आउने कुनै पनि अनुदान नेपाली नागरिकलाई चाहिदैन । महाकालीमा जस्तै फेरि पनि खेलवाड स्वीकार्य छैन् ।

- नितेस बस्नेत




नागरिकले थप दु:ख पाउने संविधानले देशको नेतृत्वको जिम्मा राजनीतिक दलहरूलाई दियो । तर नेतृत्व अदुरदर्शी, स्वार्थी, विवेकहिन र लालची हुनाले देशको समुन्नति अपेक्षित ढंगले हुन सकेन । पछिल्ला महिनाहरूका गतिविधी र बेढंगीपन हेर्दा देश अनिश्चितताको भुमरिमा फंस्ने सम्भावना बढेर गएको छ ।

- चन्द्रमणि अधिकारी



देउवाले केही गर्छन् भन्ने आशा त छँदै छैन, तर ओलीका हल्लुणहरूले देउवाले यो गरे वा त्यो गरे भनेर दाह्रा निच्च पार्नु आवश्यक नै छैन । याद रहोस् – हल्लुणहरू, तिमार्का बाले नसकेर, जथाभावी गरेर देउवालाई आउ भन्न पर्‍या हो । तसर्थ अझै १५ महिना कि जनताको सेवा गर, नत्र चुप लागेर बस ।

- कुश खरेल



नेपाल एक स्वतन्त्र मुलुक हो. तर कहिले जातिय पहिचानको नाममा त कहिले धार्मिक पहिचानको नाममा हाम्रो एकतालाई टुक्रा-टुक्रा पार्ने प्रयास देशी र विदेशी शक्तिबाट हुदैं आएको छ । धेरै प्रजातन्त्र र स्वतन्त्रताको वकालत गर्दा गर्दै सिक्किम भारतमा बिलिन भयो, प्रजातन्त्र त आयो तर सिक्किम रहेन ।

- सोनाम शेर्पा

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article.madhyanhadaily@gmail .com

# तीजको मौलिकतामा भित्रिएको विकृति

**तीज पर्व अरुलाई देखाउनको लागी नभई पारिवारिक मिलन र खुशियाली साटासाटका लागी मनाउदा उत्तम हुन्छ । परिवर्तन र स्वतन्त्रताको नाममा भड्किलो बन्दै गएका गतिविधिलाई राज्यले निरुत्साहित बनाउनु पर्दछ । स्वयम् नागरिक चेतनशिल भई समाजमा हुने विसंगतिलाई निर्मूल पार्नुपर्ने आवश्यकता देखिन्छ ।**



● झलक शर्मा

नेपाली नारीहरुको महान् चाड हरितालिका तीज भाद्र शुक्ल तृतियाका दिन पर्दछ। यस चाडलाई भाद्र शुक्ल द्धितियादेखि पञ्चमीसम्म मनाइन्छ। हिमालयकी पुत्री पार्वतीले भगवान शिवलाई वर पाउँ भनि तपस्या गरेकी र उक्त तपस्याबाट शिव प्रभावित भई शिव पार्वतीको विवाह भएको पौराणीक तथा धार्मिक कथन छ । विवाहित महिलाले आफ्ना पतिको दिर्घायु एवं सुख समृद्धि सुस्वास्थ्यको लागि तथा अविवाहिताले सुयोग्य वर प्राप्त गर्ने विश्वासले भाद्र शुक्ल तृतियाका दिन वर्त बस्ने चलन छ। निराहार पानी पनि नपिई वर्त बस्न सके पूण्य हुने परम्परागत मान्यता भए पनि कठोर वर्त बस्न नहुने र यदि वर्त नै बस्ने हो भने फलफूल र पानी ग्रहण गर्नु भन्ने कुरा चिकित्सकहरुको सुझाव छ ।



तीज भन्ने बित्तिकै नारीहरु स्वतन्त्रतापूर्वक खुशी हुने दिन सम्झन्छन्। नारीले वर्ष भरी भोगेका पीडा, अत्याचार, दु:ख रोदन यहि तीजमार्फत तीज भाकामा गीत गाउने गर्छन् । घरेलु तथा यौनिक हिंसाबाट महिलाहरु प्रत्याडित हुनु परिरहेको छ। कर्म घर नै जेल जस्तो कठोर बनिदिँदा महिलाहरुले स्वतन्त्रताको सास फेर्न पाइरहेका छैनन्। विगतमा हुने महिला हिंसा र वर्तमानमा हुने महिला हिंसाको स्वरुपमा परिवर्तन भएका छन् तर, महिलामाथिको दमन र अत्याचारको अन्त्य हुन सकेको छैन। दाइजोका लागि घरपरिवारले महिलामाथि गर्ने अत्याचारको श्रृंखला रोकिएको छैन । छोरा जन्माउनु पर्ने, नजन्मिए श्रीमान्ले अर्को विवाह गर्ने, श्रीमान्ले दिनरात रक्सी धोकेर कुट्ने, त्यसमा सासुसुराले कुट्नको लागी उक्साउने, घरको काम भनेको समयमा नसिध्याए खाना खान नदिने, कसैसँग बोल्न नदिने जस्ता शोषणहरु नेपाली समाजमा अहिले पनि जिवितै छन् ।

तीजमा सानैमा विवाह गरिदिएको पीडा, आफ्ना बावुआमा बितेपश्चात दाजुभाइले लिन नआएका, माइत जाँदा भाउजू/बुहारीको व्यवहार नमिठो भएका र बल्ल-बल्ल तीजमा लिन आएका माइतीलाई आफ्नो परिवारले घरबाट आफूलाई बिदा नदिएको व्यवहारलाई सम्झदै यिनै विषयवस्तु बनाई गीत गाइने गरिन्थ्यो । पीता दाजुभाई चेलीलाई लिन जाने चलन थियो तर, आजभोलि टेलिफोन, मोबाइल तथा विभिन्न सामाजिक सञ्जालहरुको सहज उपलब्धताले गर्दा दिदिबहिनी लिन जाने चलन बिस्तारै हट्दै गएको छ। सामूहिकरुपमा माइतीको आगनमा नाँच्ने गाउने चलनले गाउँ नै संगीतमय हुन्छ। आफूमाथि भएको अन्याय र भोगाइलाई बिर्सन वा भुल्न एवं दु:ख सुखका कुरा साटासाट गर्नको लागी तीज नारीका लागी विशेष पर्व मानिन्छ ।

तीज पर्व मनाउने शैली बिगत र वर्तमानमा निकै फरक देखिन्छ। बिगतको तुलनामा तीज मनाउने शैलीमा भड्किलो भएको नजर अन्दाज गर्न सकिन्छ। बहुमूल्य धातुका गरगहना लगाउने तथा देखाउने, महंगा बस्त्रहरु पहिरिने जस्ता प्रवृत्तिले गर्दा गरिब तथा कम आय भएका महिलालाई तीज मनाउन कष्टकर बन्दै गएको छ । दरखाने कार्यक्रम महंगा होटल रेष्टुरेण्ट तथा पार्टी प्यालेसमा गर्ने हुनाले महिलामाथि खर्चको दायरा बढ्दै गएको अनुमान गर्न सकिन्छ। निजी तथा सार्वजनिक कार्यालयमा कार्यरत कर्मचारीहरुले आफ्नो कार्यकक्षमा सामूहिक दर खाने कार्यक्रमबाट पनि तीजमा खर्चालु संस्कृति बढ्दै गएको छ । सामाजिक सन्जाल फेसबुक, टिकटकको माध्यमबाट आफूले खाएका खाद्यवस्तुको फोटो तथा भिडियो प्रदर्शन गर्ने होडबाजी चल्ने गरेको देखिन्छ ।

सामाजिक संघ-संस्था पनि आफ्नो गतिविधिहरुमा कृयाशिल रहने माध्यम पनि तीजमा दर खाने कार्यक्रम राख्नाले पनि झन्

> “घरेलु तथा यौनिक हिंसाबाट महिलाहरु प्रत्याडित हुनु परिरहेको छ । कर्म घर नै जेल जस्तो कठोर बनिदिँदा महिलाहरुले स्वतन्त्रताको सास फेर्न पाइरहेका छैनन् । विगतमा हुने महिला हिंसा र वर्तमानमा हुने महिला हिंसाको स्वरुपमा परिवर्तन भएका छन् तर, महिलामाथिको दमन र अत्याचारको अन्त्य हुन सकेको छैन । दाइजोका लागि घरपरिवारले महिलामाथि गर्ने अत्याचारको श्रृंखला रोकिएको छैन ।

यस्ता गतिविधिले मौलाउने अवसर पाएका छन्। यो एक प्रकारको विकृति हो। खर्चालु संस्कृति बढ्दै जाँदा सबैभन्दा मारमा कमजोर वर्ग पर्ने गर्दछन्। यस्तो गतिविधिले पारिवारिक झगडा बढ्ने र चोरी हुने डर, सामाजिक अपराध बढ्ने तथा अनावश्यकरुपमा विदेशी चलनचल्ति भित्रने खतरा हुन्छ । अनुत्पादक क्षेत्रमा लगानी हुने हुदा त्यसको प्रतिफल आउँदैन। मुद्रा पलायन हुने, पारिवारिक खर्च धान्न सार्वजनिक पद धारण गरेका व्यक्तिबाट भ्रष्ट्राचार हुन सक्छ। घुमाउरो तवरबाट धनि र गरिबको खाडल बढ्दै जाँदा सामाजिक सद्भाव भड्कन सक्ने जोखिम हुन्छ। तीजमा यसरी सामूहिक रुपमा मनाउने महिलाले के यस्ता दर खाने कार्यक्रममा नारी स्वतन्त्रता, लैङ्गिक समानता र सशक्तिकरणका लागी आवाज उठाउलान् त ? के महिलाले भोगेका घरेलु हिंसा र अन्यायलाई रोक्न कम्मर कस्लान् त ? यी बिषयहरु विचाराधिन छन् ।

तीज पर्व अरुलाई देखाउनको लागी नभई पारिवारिक मिलन र खुशियाली साटासाटका लागी मनाउदा उत्तम हुन्छ। परिवर्तन र स्वतन्त्रताको नाममा भड्किलो बन्दै गएका गतिविधिलाई राज्यले निरुत्साहित बनाउनु पर्दछ। स्वयम् नागरिक चेतनशिल भई समाजमा हुने विसंगतिलाई निर्मूल पार्नुपर्ने आवश्यकता देखिन्छ। यसरी हेर्दा तीजको मौलिकता गुम्दै गएको छ। हाम्रो समाजमा विगतमा अशिक्षा, गरिबी व्याप्त थियो। महिलाले अध्ययन गर्न पाउँदैनथे र उनीहरुको आर्थिक गतिविधिमा पहुँच थिएन। तर आजभोली महिलाहरु शिक्षाको पहुँच र रोजगारीका अवसरबाट लाभ लिन पाएका छन्। महिलाहरु स्वावलम्बन बन्न खोजिरहेको देखिन्छ। नेपालमा राजनीतिक तथा प्रशासनिक परिवर्तनहरु भए जसले नेपाली महिलाको जुनसुकै क्षेत्रमा पनि महिलाको स्थान सुरक्षित बनाइदिएको छ ।

अर्को तर्फ तीजे भाकाहरु पनि आजभोलि मायाप्रिति र रत्यौलीका गीतहरु बजारमा निस्केको पाइन्छ। छाडा, उच्छृंखल, द्धिअर्थी शब्द प्रयोग गरिएका गीतले तीजे भाकाहरुको अस्तित्व ओझेलमा परेका छन् । त्यस्ता गीतले छोटो समयका लागी चर्चा कमाए पनि दिर्घकालिनरुपमा बने गलत अर्थ बोकेका छन्। झन् त्यस्ता गीतले तीजको उपहास गर्दछन् । यो संस्कृति माथिको गम्भीर अपमान हो। त्यस्ता गीतलाई कुनै पनि सञ्चार माध्यमले प्रसारण, प्रदर्शन गर्नु हुदैन। तीज गीतले प्रभावकारी सन्देश प्रवाह गर्न सक्नुपर्दछ। तीज गीतलाई मौलिक र मर्यादित बनाउनुपर्दछ । त्यसैले सरकारले मौलिक गीतको प्रशारणमा प्रोत्साहन गरी भ्युज बटुल्ने र संस्कृतिलाई बिथोल्ने स्वार्थ समूहबाट जोगाउनुपर्छ । तीज गीत सबै बर्गले सुन्न, हेर्न र त्यसलाई आत्मसाथ गर्न सक्ने खालको हुनुपर्दछ। भ्युज बटुल्न च्याउ सरी उम्रेका युवटुवहरुलाई निश्चित दायरामा ल्याई उत्तेजक, उच्छृङखल गीतहरु प्रसारणमा रोक लगाउनुपर्छ ।

कलाकारले आउदा पुस्ताले अनुशरण गर्ने र मान्य तीज गीतहरु गाउनु पर्दछ। संगितको अर्को कुनै लवज लय शब्दको विकल्प हुन्छ तर संस्कृति पर्वको विकल्प हुदैन । संस्कृति जीवन्तकालका लागी हो। अस्तित्व मेटिने गरि पर्व मनाउनु किमार्थ राम्रो मानिदैन। यी उल्लेखित पक्षहरु नसुधार्ने हो भने भोलिका दिनमा तीजको अस्तित्व मेटिने निश्चित छ । परिवर्तनका नाममा विकृति स्वीकार्य हुदैन, विरोधका लागी विरोध पनि अर्थ रहदैन । यस्ता कुराहरु नियन्त्रण गर्नमा सरोकारबाला पक्षहरुले त्यसमा संलग्न व्यक्ति समूहलाई सम्झाउने बुझाउने गर्नुपर्दछ । संस्कृति जोगाउनु र सभ्य समाज बनाउनु नागरिकको पनि जिम्मेवारी हो । तसर्थ देशमा सामाजिक र साँस्कृतिक जाँगरणको खाँचो देखिन्छ। जसबाट नेपाली समाजले सभ्य सुन्दर संस्कृतिको संरक्षण गर्न सकोस ।

निष्कर्षमा भन्ने हो भने हामीले महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्रदान गर्नु पर्दछ । सक्षम र स्वावलम्बी नारी बन्न प्रेरित गर्नुपर्छ । नागरिक समाजहरुलाई नागरिक चेतनाको अभियन्ताको रुपमा अगाडी बढाऔं जसबाट नारी स्वतन्त्रताको प्रत्याभूत गर्न सहज होस्। कोरोना भाइरसको सङ्क्रमणले सबैमा डर पैदा गराई घरभित्रै थन्काएको छ। यो वर्ष दर खाने कार्यक्रम सामूहिकरुपमा नमानौ घरकै परिवारसँग मिलेर खुशि साटौ। कोरोना भाइरस विरुद्धको खोप लगाईसकेपछि आफूलाई सङ्क्रमण हुदैन भन्ने गलत मानसिकता बोकेर मन्दिर तथा देवालयमा हुने भिडभाडमा नजाऔं। अहिलेको तीज विगतको जस्तो भड्किलो नहुने अनुमान गर्न सकिन्छ। भड्किलो नहुनु सकारात्मक कुरा हो भोलीका दिनमा कोरना सङ्क्रमण नियन्त्रण पछि मनाइने कुनै पनि चाडपर्वहरु भड्किलो हुनबाट रोक्न सके व्यक्ति र समाज दुबैलाई फाइदा हुनेछ।

इमेल : sharmajhalakpkr@gmail.com

# तीज पर्वलाई भड्किलो बनाउनु हुँदैन

**तीज पर्वमा सकी नसकी देखासिकी गर्ने, भड्किलो रुपमा समाजमा प्रस्तुत हुने, ऋण गरेरै भएपनि भड्किलो गहना कपडाको जोरजाम गर्ने, एकमहिना अघिबाटै दर खाने र विदेशी गीतसंगीतमा रम्ने नाममा होटेल रेष्टुरेण्ट बुक गर्नेजस्ता खर्चिला व्यवहार तीजपर्वमा भित्रिएका छन् । यस्ता प्रवृत्तिले महिलालाई स्वतन्त्रता तिर होइन अनुशासन हिन बनाउँदै विकृति तिर लम्काउने पक्का छ ।**



● रोशनी बुढा

हरितालिका तीजको एतिहासिक सांस्कृतिक महत्व हाम्रो नेपाली समाजमा अत्यन्त उच्च मानिन्छ । समाज सांस्कृतिक, मानवीय उत्प्रेरकको रुपमा अन्तरक्रिया, वाद, प्रतिवाद, संघर्ष, आपसी सम्बन्ध र भावनाको अन्तरसम्बन्ध जालो हो । समाजमा मानिसले एकातिर आफ्नो खुशी, प्रगती, उन्नतिलाई देखाउने र अर्काको दु:ख, बेदना, पीडा र सम्वेदनामा रम्ने गरेको देखिन्छ भने अर्कोतिर आफ्नो खुसी र प्रगतिलाई बाँड्ने र अरुको दु:ख र पीडामा पनि आँशु साउने र सम्वेदना प्रकट गर्ने क्षमता राख्छ। पितृसत्तात्मक सामाजिक बनोटमा स्थापित यो तीज पर्वको महत्व यहि दुवै प्रवृत्तिको द्वन्द्वको बिचबाट स्थापित भएको पाइन्छ ।

ऐतिहासिक रुपमा विभिन्न चाड पर्वको स्थापना हाम्रो नेपाली समाजमा हिन्दु धर्मसँग जोडिएर आएको देखिन्छ। तीज पनि हिन्दु धर्म र परम्परामा स्थापित भएको एउटा चाड पर्व हो । पितृसत्तात्मक समाजमा विशेष गरी शासकीय क्षेत्रबाट नै महिलामाथि हुने अन्याय, अत्याचार, शोषण र दमनलाई आधिकारिकता र स्वीकृति दिने चलन थियो । त्यसका विरुद्धमा कम्तिमा वर्षमा एकपटक आफ्ना भावना, पीडा र दु:खलाई गीत संगीतको माध्यमले अभिव्यक्त गर्ने, विद्रोह गर्ने र त्यो पीडालाई मनोरञ्जनमा रुपान्तरण गरि बिर्सने र आफ्नो भावना स्वतन्त्र रुपमा पोख्ने माध्यामको रुपमा लिन सकिन्छ। एकातिर शासक वर्गले नेपाली महिलालाई सामन्ती चिन्तनअनुसार दासत्व सहन बाध्य तुलाउने र अर्कोतिर त्यही दासत्वविरुद्धको शसक्त विद्रोहले जन्माएको तीजपर्वको महत्व समाजको सामाजिक, आर्थिक, राजनैतिक र सांस्कृतिक परिवर्तन गर्नमा ठूलो योगदानको रुपमा लिन सकिन्छ । वर्षमा एक पटक परिवारका सदस्यहरु भेट्ने, मीठो मसिनो खाना खाने, राम्रो लगाउने खुशी र दु:खलाई साटासाट गर्ने र पीडालाई बिर्सदैन या जिन्दगीको सुरुवात गर्ने अर्थमा चाडपर्वको महत्व अत्यन्तै ठूलो छ । त्यसमा पनि तीज पर्व महिलासँग सम्बन्धित रहेको र वर्षमा कम्तिमा एक पटक आमाबुवा, दाजुभाइ, दिदीबहिनी र सम्पुर्णं माइतिलाई भेटी पीडा, दु:ख र वेदनालाई गीतको माध्यामले विद्रोह ओकल्दै रमाइलो गर्ने एउटा शसक्तमाध्यम बनेर स्थापित छ ।

> “पितृसत्तात्मक समाजमा विशेष गरी शासकीय क्षेत्रबाट नै महिलामाथि हुने अन्याय, अत्याचार, शोषण र दमनलाई आधिकारिकता र स्वीकृति दिने चलन थियो । त्यसका विरुद्धमा कम्तिमा वर्षमा एकपटक आफ्ना भावना, पीडा र दु:खलाई गीत संगीतको माध्यमले अभिव्यक्त गर्ने, विद्रोह गर्ने र त्यो पीडालाई मनोरञ्जनमा रुपान्तरण गरि बिर्सने र आफ्नो भावना स्वतन्त्र रुपमा पोख्ने माध्यामको रुपमा लिन सकिन्छ ।

गरिबी, अभाव, अन्याय, शोषण र दमन सासू-ससुरा र घरपक्षबाट पाइने अपहेलनालाई पनि गीत संगीतको माध्यमबाट व्यक्त गर्दा जन्मेको तीजपर्व र यो दिनलाई एउटा स्वतन्त्र दिनको रूपमा लिन सकिन्छ । साथै विवाहित महिलाले आफ्नो श्रीमान्को आयु लामो होस् भनि गर्ने व्रत र अविवाहित नारीले महादेवजस्तो राम्रो र शक्तिशाली वर प्राप्त होस् भनि गर्ने व्रतले पितृसत्ताको पराकाष्ठा र नारिलाई पुरुषको दासी बनाउनु पर्छ भन्ने सोँचबाट ग्रसित छ। यस्ता नकारात्मक सोँच र चिन्तनलाई हटाइ प्रगतिशील धारण र वैज्ञानिक चिन्तनबाट अभिप्रेरित भै तीजपर्वलाई लिन सके सांस्कृतिक रुपान्तरणमा ठूलो योगदान हुन्छ । भोकभोकै बसेर रोगको सिकार हुनुभन्दा महिला र पुरुष एक रथका दुई पाङ्ग्रा हुन् र प्रकृतिका समान उपहार हुन्, एकले अर्कालाई समान व्यवहार गर्नुपर्छ भन्ने चेतनाको विकास भए यो पर्वको महत्व अझ बढेर जानेछ।

सामान्तवादमाथि पुँजीवादको जीतसँगै अचेल विभिन्न पर्वमा आएका अनेकन भड्किला व्यवहारले स्वयंम पर्वको भावनामाथि चोट पुर्‍याउने काम भएको देखिन्छ। तीज पर्वमा सकी नसकी देखासिकी गर्ने, भड्किलो रुपमा समाजमा प्रस्तुत हुने, ऋण गरेरै भएपनि भड्किलो गहना कपडाको जोरजाम गर्ने, एकमहिना अघिबाटै दर खाने र विदेशी गीतसंगीतमा रम्ने नाममा होटेल रेष्टुरेण्ट बुक गर्नेजस्ता खर्चिला व्यवहार तीजपर्वमा भित्रिएका छन् । यस्ता प्रवृत्तिले महिलालाई स्वतन्त्रता तिर होइन अनुशासन हिन बनाउँदै विकृति तिर लम्काउने पक्का छ। त्यसकारण तीजलाई विकृतीजन्य पर्वको रुपमा स्थापित गर्नु हुँदैन् । यसलाई सामूहिकता, समानता, स्वतन्त्रता र स्वस्थ मनोरञ्जनका रुपमा लिइ मनाउन सकेमा तीजको महत्व र तीजपर्वको सान्दर्भिकता समाजमा चिरस्थायी भैरहनेछ ।

# डाँडो भाँसिएर शंखधर चोक जोखिमयुक्त
## दैनिक आवत जावतमा कठिनाइ

**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**
भक्तपुर, २३ भदौ

मध्यपुर थिमीको शंखधर चोक र क्षयरोग अस्पतालबीचको ४ नं वडामा पर्ने डाँडो अविरल वर्षाको कारण जिर्ण बनेर भत्किने अवस्थामा पुगेको छ तर नगरका जनप्रतिनिधिको चासो नपुग्दा जिर्णअवस्थाको डाँडो कतिखेर भत्किने हो निश्चित छैन । सो डाँडो भत्कियो भने ठूलो धनजनको क्षतिहुने देखिन्छ। केहिदिन अघिको अविरल वर्षाको कारण गतवर्ष लाखौं रुपैयाँ खर्चेर लगाएको पर्खाल भत्किने अवस्थामा पुगेको स्थानीय अभियन्ता जीवनपती श्रेष्ठ बताउँछन्। क्षयरोग अस्पतालको पर्खाल केहिदिन अगाडी भत्किसकेको र डाँडोको पर्खाल भत्किन लागेकोले स्थानीयको अनुरोधमा फलामका ४ वटा टेका लगाइएको छ । 'सो पर्खाल लगाउनेबेला स्थानीयले कमसल तरिकाले पर्खाल लगाएको भनेर विरोध पनि गरे तर मेयरले त्यसको कुनै सुनुवाइ नै गरेनन्' श्रेष्ठ भन्छन् । उनले सो पर्खाल बनाउने बेला स्थानीय सहितका मानिसहरु भेलागरी विरोध गरेका थिए । तर त्यतिखेर विरोधका बीचपनि पर्खालको काम रोकिएन । अहिले यो नतिजा आयो । अब पनि तत्काल सो पर्खाललाई व्यवस्थापन गरिएनभने ठूलो धनजनको क्षतिहुने श्रेष्ठ बताउँछन् । स्थानीय जेन श्रेष्ठ कामको सिलसिलामा दैनिक यहि बाटो ओहोरदोहोर गर्छन्। उनलाई घर पुग्छु या पुग्दिन भन्ने चिन्ता छ। उनी भन्छन्, 'स्थानीय सरकारले छिट्टै नै यो डाँडो भत्काएर जोखिम मुक्त बनाइदिए हुन्थ्यो ।'

मध्यपुर थिमी नगरपालिकाका वरिष्ठ इन्जिनियर सत्य नारायण शाहले पानी परिरहेकोले तत्काल मर्मत सम्भार गर्न नसकिने बताउँछन् । पानी रोकिएर दुईचारदिन घाम लागेपछि मात्र काम सुरु गर्ने र सो काम सुरुगर्दा आवत जावतनै रोक्नुपर्ने उनी बताउँछन्।

मध्यपुर थिमीको सडक दैनिक हज्जारौं सवारीसाधन गुड्ने सडक हो । यो सडक हुँदै काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा, जिरी, रामेछाप, लगायत तराईका विभिन्न जिल्लामा सवारी आवतजावत गरिन्छ । सो डाँडोले यो सडक एकदम जोखिमयुक्त बनेको छ ।



## आज हरितालिका तीज मनाइँदै



**काठमाडौं/मस**-हिन्दु महिलाहरुले निराहार ब्रत बसी हरितालिका तीज आज मनाउँदैछन्। हरेक वर्षको भाद्र शुक्ल तृतीयाका दिन यो पर्व मनाउने गरिन्छ । विवाहित महिलाले पतिको दीर्घायू र अविवाहित महिलाले सुयोग्य वरको कामना गर्दै ब्रत बस्ने गर्दछन् ।

ब्रत गर्ने पुरुषले विधुर हुनु नपर्ने, नारीले अटल सौभाग्य र अविवाहित केटा केटीले गुण सम्पन्न वर वा वधु पाउने शास्त्रीय मान्यता छ । पौराणिक कालमा हिमालय पर्वतकी पुत्री पार्वतीले भगवान शिवलाई पतिको रुपमा पाउन बसेको ब्रतसँग यो हरितालिका तीज जोडिएको पाइन्छ। हरितालिका तीजका दिन आज शिवालयमा भक्तजनको भिड लागेको छ ।

## 'कोभिड-१९ को खोपसँगै नियमित खोप कार्यक्रम विस्तार गरौं'



**काठमाडौं/मस**-विश्व स्वास्थ्य संगठनले दक्षिणपूर्वी एशिया क्षेत्रका देशलाई हाल जारी कोभिड-१९ को खोप कार्यक्रमको तीव्र विस्तारका साथै नियमित खोप कार्यक्रमको पनि परिमाण विस्तार गर्नका लागि अपिल गरेको छ । नेपालको आयोजनामा जारी क्षेत्रीय संगठन समितिको ७४ औं बैठकमा क्षेत्रीय निर्देशक डा पुनम खेत्रपाल सिंहले महामारीको कारणले गर्दा खोपद्वारा रोकथाम गर्न सकिने रोग सम्बन्धित खोप सेवा तथा निगरानी प्रक्रिया अवरुद्ध भएको हुनाले यी रोगको जोखिम बढिरहेको बताए । उनले यस सम्बन्धमा विभिन्न प्रयास भए पनि अझ धेरै गर्नुपर्ने आवश्यकता छ, विशेषगरी उपराष्ट्रिय तहमा र यी सेवाहरू नपुगेका वा पर्याप्त मात्रामा नपुगेका जनसंख्यासम्म पुग्न अपरिहार्य भएको बताए ।

बैठकमा दक्षिणपूर्वी एशिया क्षेत्रीय खोप कार्ययोजना २०२२-२०३० को रणनीतिक खाकामा पनि छलफल भइरहेको छ। सो कार्ययोजना कोभिड-१९ विरुद्धको खोप तथा कोभिड-१९ महामारीबाट प्रभावित खोप प्रणाली तथा खोपद्वारा रोकथाम गर्न सकिने रोगको निगरानीको पुनःस्थापनामा केन्द्रित छ। कोभिड-१९ विरुद्धको खोपसम्बन्धी प्रयासलाई असर नपारी नियमित खोप कार्यक्रम कायम राख्न तथा अभिवृद्धि गर्नका लागि आफूहरूसँग रणनीति भएको सुनिश्चित गर्नुपर्ने डा सिंहले बताए ।

## नक्कली प्रमाणपत्र बनाउने पक्राउ



**काठमाडौं/मस**-नक्कली कागजात बनाउने कार्यमा संलग्न रहेका आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । कुपण्डोलस्थित यूएन पार्कबाट बागलुङ बाँडगार्ड गाउँपालिका बस्ने ३२ वर्षीय युद्धबहादुर केसीलाई हालै पक्राउ गरिएको प्रहरी परिसर ललितपुरले जनाएको छ । उनले नेपाल फार्मेसी काउन्सिलमा दर्ता भएको नक्कली लाइसेन्स, नक्कली कागजातलगायतका विभिन्न नक्कली प्रमाणपत्र बनाउने कार्यमा संलग्न रहेको प्रहरीको आरोप छ ।

केसीलाई लिखतसम्बन्धी कसुरमा जिल्ला अदालत पाटनबाट सात दिन म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।


## साउदीमा रोजगार
१. कम्पनी : HAMED SALEH HAMED AL MALIKI EST. शहर: YANBU
पूर्व स्वीकृत मितिः २०७८/०५/२३ चलानी नं.: ६०१६२६०५ LT. No.: 241541

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : MOHAMMED AHMED HAMMAD AL REFAI EST FOR CONTRACTING शहर: YANBU
पूर्व स्वीकृत मितिः २०७८/०५/२३ चलानी नं.: ६०१६२६०४ LT. No.: 241542

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : HAMED SALEH HAMED AL MALIKI EST. शहर: YANBU
पूर्व स्वीकृत मितिः २०७८/०५/२३ चलानी नं.: ६०१६२६०२ LT. No.: 241543

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ ३१ गते (16 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**एशोसिएट्स वेलकम इन्टरनेशनल प्रा. लि.**
सामाखुसी, , काठमाडौं, फोन: ०१-५९०६५०८, ९८०१०९२८७१
E-mail : hrwelcomeintl@gmail.com
श्रम इजाजत पत्र नं.: १०२२/०६८/०६९



## साउदी र कतारमा रोजगार
१. कम्पनी: ABDULLAH SALEM AL-AMARI GEN.CONT.EST शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०७८/०५/२३ चलानी नं.: ६०१६२६१७ LT. No.: 245054

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Truck Driver | 3 | 0 | | 1800 | ५६,२३२ | | | | | | | |

अन्तर्वार्ता तुलिप होटल, ड्राईभरटोल-१, बुटवल, रूपन्देहीमा २०७८ भदौ ३१ गते (16 Sep. 2021) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज १ र २ गते (17 & 18 Sep. 2021) मा हुनेछ ।

२. कम्पनी: BAIRAH QATAR TRADING AND CONTRACTING शहर : DOHA
पूर्व स्वीकृत मितिः २०७८/०५/२३ चलानी नं.: ६०१६२६१८ LT. No.: 244973

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 7 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electric Tech. | 1 | 0 | | 1100 | ३५,३९८ | | | | | | | |
| 3. | Maint Technician | 2 | 0 | | 1100 | ३५,३९८ | | | | | | | |

३. कम्पनी: MEGA MAX CONTRACTING AND SERVICES शहर : DOHA
पूर्व स्वीकृत मितिः २०७८/०५/२३ चलानी नं.: ६०१६२६१६ LT. No.: 244972

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Technician Gen | 2 | 0 | | 1100 | ३५,३९८ | | | | | | | |
| 3. | Electric | 1 | 0 | | 1100 | ३५,३९८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ ३१ गते (16 Sep. 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १ को रु. १०,०००/- अन्य नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Al Shahid Overseas Pvt. Ltd.**
Gov. Lic. No. 1329/074/75
Banshidhar Marg-04,Chandol, Kathmandu, Nepal, Tel: 4414440, 4443434
E-mail: alshahidnepal@gmail.com, info@alshahidnepal.com, resumeshahid@gmail.com



## साउदीमा रोजगार
कम्पनी: MANAR ALESKAN SCAFFOLDING TRADE & RENTAL शहर:DAMMAM
पूर्व स्वीकृत मितिः २०७८/०५/११ चलानी नं.: ६०१६२०५४ L.T. No.: 244328 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolder Laborer | 30 | 0 | स. काममा दक्ष | 1200 | ३७,४८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ ३१ गते (16 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**बज्र ह्युमेन रिसोर्सेज प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ५९७/०६२/०६३
जि.पि.ओ.बक्सः २३९०१, धोबीघाट, नयाँबाटो, ललितपुर, नेपाल, फोनः ५५५५८२३,



## साउदीमा रोजगारको अवसर
कम्पनी : AL QARYAN GROUP FOR TRADING INDUSTRIAL & CONTRACTING शहर: KSA
पुर्व स्वीकृत मितिः २०७८/०५/२३ चलानी नं.: ६०१६२६१९ LT. No.: 245069

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Worker | 15 | 0 | स. काममा दक्ष | 1000 | ३१,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ ३१ गते (16 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**A.S. International Group Pvt. ltd.**
Gov. lic. No. 1155/073/74
Samakhusi-26, Kathmandu, Nepal, Tel: 01-4020181/4020182
Email- asintldemand@gmail.com



## साउदीमा रोजगारको
कम्पनी: BAB AL ZAMAN FACTORY FOR AUTOMATIC DOORS शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०७८/०५/२२ चलानी नं.: ६०१६२५८८ LT. No.: 245049

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | महिला | न्यूनतम याइेग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour/ Factor | 9 | 0 | स. काममा दक्ष | 1000 | ३१,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ भदौ ३१ गते (16 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Blaze Associates Pvt. Ltd.**
Gov. Lic No. 1447/074/075
Dhumbarahi-4, Kathmandu, Tel: 4371913, 4372939, 9808906734
Email: bnnir@hotmail.com, blazenepal1447@gmail.com



## कतारमा रोजगारको अवसर
कम्पनी: CURRY PALACE RESTAURANT शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७८/०५/२३ चलानी नं.: ६०१६२५९० LT. No.: 244917

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 2 | 0 | स. काममा दक्ष | 1000 | ३२,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |


अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ ३१ गते (16 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. कामामा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Amity Human Resource (P.) Ltd.**
Govt Lic. No. 595/062/063
P.O. Box: 12543, Basundhara, Kathmandu, Nepal, Tel: +977-1-5903488, 5903399
Fax: +977-1-4361742, Email: amity@mail.com.np | Website: www.amityhr.com

# संविधान दिवस घरघरमा राष्ट्रिय झण्डोत्तोलनका साथ मनाइने



**काठमाडौं/मस–**सातौं संविधान दिवस २०७८ आगामी असोज २-४ गते राष्ट्रिय दिवसका रुपमा नेपाल र विदेशस्थित नेपाली राजदूतावास र नियोगमा दीपावलीलगायत कार्यक्रम गरी मनाइने भएको छ । राष्ट्रिय दिवस मनाउन प्रधानमन्त्रीका अध्यक्षतामा मूल समारोह समिति गठन भइसकेको छ ।

मूल समारोह समितिअन्तर्गत प्रचारप्रसार उपसमितिको आजको बैठकले दिवसको व्यापक प्रचारप्रसारका लागि सरकारी, सामुदायिक तथा निजी क्षेत्रका सञ्चारमाध्यमलाई आग्रह गरेको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव तथा प्रचारप्रसार उपसमितिका संयोजक डा बैकुण्ठ अर्यालका अध्यक्षतामा मन्त्रालयमा बुधबार बिहान बसेको बैठकले विभिन्न सञ्चारमाध्यमले संविधान दिवसका दिन नेपालको राष्ट्रिय झण्डा आआफ्ना घरघरमा सम्मानका साथ राख्न प्रचारप्रसारका लागि अनुरोध गर्ने भनी निर्णय पनि गरेको छ ।

संविधान दिवसको शुभकामना सन्देश वा एसएमएस नेपाल टेलिकममार्फत व्यापक रुपमा पठाउने तथा डिस्प्ले बोर्डमा सन्देश प्रसारण गराउने, नेपालको संविधानका विषयमा केन्द्रित रही विशेष संवाद, परिसंवादलगायत जनचेतनामूलक कार्यक्रम प्रसारण, प्रकाशन गराउने, राष्ट्रियस्तरका पत्रपत्रिकामा संविधान विशेषाङ्क, स्मारिका प्रकाशन गराउनाका साथै संविधानको बहुपक्षीय आयामलाई उजागर गर्ने विभिन्न लेखरचनाको सँगालो प्रकाशन गर्ने, राष्ट्रिय समाचार समिति, नेपाल टेलिभिजन, रेडियो नेपाल र गोरखापत्र संस्थानबाट संविधानको महत्वबारे समाचार, आलेख, अन्तर्वार्ता, कार्यक्रम आदि प्रसारण, प्रकाशन गराउने निर्णय पनि गरिएको छ। काठमाडौँ उपत्यका र बाहिरका डिस्प्ले बोर्डमा शुभकामना सन्देश राख्न महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाले समन्वय गर्ने अनुरोध पनि गरिने छ । नेपाली सैनिक मञ्च, टुँडिखेलमा हुने औपचारिक समारोहको प्रत्यक्ष प्रसारण भने नेपाल टेलिभिजन र रेडियो नेपालले गर्नेछन् ।

# एम्बुलेन्स चालकले तालिम लिनुपर्ने

**काठमाडौं/मस–**अब एम्बुलेन्स चालकले राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट तालिम लिनुपर्ने भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नयाँ 'राष्ट्रिय एम्बुलेन्स निर्देशिका-२०७८' जारी गर्दै केन्द्रबाट तालिम लिएका चालकले मात्र एम्बुलेन्स चलाउन पाउने जनाएको छ । यसअघि सवारी चालक अनुमतिपत्र लिएका सबैले एम्बुलेन्स चलाउन पाउँदथे । अब सवारी चालक अनुमतिपत्र लिएको पाँच वर्ष अनुभव भएपछि मात्र एम्बुलेन्स चलाउन पाउनेछन् । एम्बुलेन्स सञ्चालन गर्दा 'क' वा 'ख' वर्ग हुनुपर्ने र सबै एम्बुलेन्स अनिवार्यरुपमा फोर ह्वील ड्राइभ, पावर स्टेरिङ, सस्पेन्सन चेन सिस्टमको हुनुपर्नेछ। 'क' र 'ख' वर्गको एम्बुलेन्सका लागि मात्र राजस्व छुटको व्यवस्था गरिएको निर्देशिकामा उल्लेख छ। क र ख वर्गको एम्बुलेन्सका लागि मेडिकल अधिकृत, हेल्थ असिस्टेन्ट वा नर्स अनिवार्यरुपमा राख्नुपर्ने र ती स्वास्थ्यकर्मीले अनिवार्यरुपमा तोकिएको तालिम लिएको हुनुपर्ने उल्लेख छ ।


## कतारमा रोजगार | कम्पनी : ALAMANA CLEANING HOSPITALITY शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७८/०५/२३ चलानी नं.: ६०१६२६०७ L.T. No.: 244922

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 0 | 5 | स. काममा दक्ष | 1000 | ३२,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ ३१ गते (16 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. १०७७/०७३/०७४

**Mac International Manpower Pvt. Ltd.**
Bhimsengola, Old Baneshwor-9 Kathmandu, Nepal
Tel-: +977-1- 4489970, 4489920, Email: macintlmanpower@gmail.com
Website : www.macintlmanpower.com



## साउदीमा रोजगार | १. कम्पनी : BULK COAST FIRST FACTORY FOR CEMENT PRODUCTS शहर :JIZAN

पूर्व स्वीकृत मितिः २०७८/०३/०६ चलानी नं.: ६०१५८९२८ L.T. No.:240920 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Truck Driver | 2 | 0 | | 1800 | ५६,२३२ | | | | | | | |

२. कम्पनी : NAQEL AL WSTA FOR MAINTENANCE AND CLEANING शहर : RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०५/२३ चलानी नं.: ६०१६२६१३ L.T. No.:244833

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ५६,२३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ भदौ ३१ गते (16 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
कुल २३ विद्यार्थीको भिडियोमार्फत उपस्थिति रहे पनि प्रतियोगितामा १८ जनालाई प्रतिस्पर्धीको रूपमा सहभागी गराइएको आयोजक समितिका संयोजक थम कुमार गिरीले मध्यान्हलाई जानकारी दिए। उनले सामाजिक सञ्जाल युट्युबमा प्राप्त कमेन्टलाई समेत आधार बनाइएको बताए। उत्कृष्ट १२ मा वेस्ट पोइन्टबाट शिल्पिका जिसी र प्रज्वल मल्ल, प्रकाश माविकी सिर्जना कटुवाल, जमुना खर्क माविबाट विनिता सुबेदी, बेनी सामुदायिक स्कुलकी सुमित्रा पौडेल, कैलाश मा.बि.दोवाबाट मेरिका चोचांगी, मुक्तिधाम माविकी बेबिना शाही,




सर्वोदय माबिबाट सुहन पुन, श्री सरस्वती माबिबाट सुजल कार्की,भीम माबि देबिस्थानकी सुमिना पुन, म्याग्दी एकेडेमीबाट अनुज खड्का र जनप्रिय माबिबाट विजया शर्मा रहेका छन्।

आयोजक समितिले नतिजासहित दोस्रो चरणको प्रतिस्पर्धाका लागि 'म्याग्दी जिल्लालाई विकसित बनाउन आवश्यक मुख्य आधार के के हुन् ? प्रवासी म्याग्देलीहरुको संस्था मोनाबाट तपाईंहरुको अपेक्षा के छ ? भन्ने प्रश्नसमेत सार्वजनिक गरेको छ। उक्त शीर्षकमा भदौ २६ गते साँझ ५ बजे सम्ममा ५ मिनेट नबढाई असम्पादित र मोबाइलबाट तेर्सो गरी खिचिएको भिडियो आयोजकले उपलब्ध गराएको गुगल फर्म या इमेलमा पठाउन सकिने जनाएको छ।

भिडियो रेकर्ड गर्दा क्यामेरा बाहेक दायाँबायाँ तल माथि कहीँ हेरेमा वा कहीँ पढेको या साभार गरिएको जस्तो देखिएमा निणायकबाट नम्बर काटिने संघका अध्यक्ष नरेन्द्र फगामीले मध्यान्हलाई जानकारी दिए। प्रतियोगिताबाट सकारात्मक सन्देश जाने अपेक्षा मोना कतारले लिएको छ। प्रतियोगिताको निर्णायक मण्डलमा घनश्याम खड्का, रेखा कौसल रेग्मी, हरि प्रसाद सुबेदी, थम कुमार गिरी र विक्रम कार्की रहेका छन्। प्रतियोगिता ३ चरणसम्म भर्चुअल र फिनाले म्याग्दी सदरमुकाम बेनीमा प्रत्यक्ष गर्ने कार्यतालिका रहेको छ। भिडियोलाई मोना कतारले आफ्नै युट्युब च्यानलबाट सार्वजनिक गरेको छ।

## भेनिस फिल्म फेस्टिभल शुरु



**काठमाडौं/एजेन्सी–** विश्वको सबैभन्दा पुरानो फिल्म महोत्सव 'भेनिस फिल्म फेस्टिभल' बुधबारबाट शुरु भएको छ। ७७ पार गरी ७८ औं संस्करणमा आएको फिल्म महोत्सव इटालीमा सुरु भएको हो। यस वर्षकै बहु प्रतीक्षित फिल्महरू साइन्स फिक्सन ड्युन र दिवंगत राजकुमारी डायनाको बायोपिक स्पेन्सर प्रिमियर हुने तयारीमा छन्। कोरोना महामारीको कारण गत वर्ष रोकिएको भेनिस यस पटक भने भौतिकरुपमै शुरु भएको हो। डेल्टा भेरिएन्ट फैलिएको इटाली सहरमा कोभिड प्रोटोकल पालना गर्दै फेस्टिभल आयोजना भएको हो। फिल्म प्यारा साइटबाट अस्कर जितेका दक्षिण कोरियाली निर्देशक बोङ जोन हो यस पटक फेस्टिभलको मुख्य निर्णायक छन्।

## 'फिल्म हिट बनाउन छायांकारको पनि मुख्य हात हुन्छ'

**काठमाडौं/मस–**
नेपाली चलचित्र क्षेत्रमा कुशल छायांकारको रूपमा चिनिन्छन् रबि कोइराला। लामो समयदेखी राम्रा र सफल चलचित्रहरूमा छायांकन गरेर नाम र स्याबासी कमाएका कोइराला चन्द्रनगर चितवनका हुन्। उनी १५ वर्षदेखि नेपाली चलचित्र क्षेत्रमा छायांकारको रूपमा क्रियाशील छन्।

२०३२ सालमा जन्मिएका रबिले आइ ए सम्मको अध्ययन गरेका छन् भने करिब दुई दर्जनको हाराहारीमा उनले नेपाली सिनेमाको छायांकन गरिसकेका छन्। जोश, कामिनी, बीच बाटो र अफिसर लगायतका चलचित्रहरूबाट विभिन्न अवार्ड र सम्मान जितिसकेका रबि कोइरालाले भाषा भाषीका चलचिहरूमा पनि



काम गरिसकेका छन्।

हुन त रबिले स्टील फोटोग्राफीबाट यो क्षेत्रमा पाइला टेकेका हुन्। नेपाली चलचित्र क्षेत्रमा छायांकारको रूपमा लामो यात्रा पार गरेका रबि कोइराला पछील्लो समय नेपालमा छायांकन र छायांकारको महत्व बढ्न थालेको बताउँछन्। 'जे भएता पनि आज नेपाली चलचित्रलाई राम्रो र हिट बनाउन छायांकारको पनि हात हुन्छ भन्ने कुरा बुझिन थालिएको छ। यो एकदम राम्रो कुरा हो,' रबिले भने।

## 'गोर्खा वारियर २'को छायांकन शुरु गर्ने तयारी

**काठमाडौं/मस–** गत वर्ष कोरोना महामारीका कारण जारी लकडाउन अन्त्यपछि निर्देशक तथा निर्माता मिलन चाम्सले आफ्नो ड्रिम्स प्रोजेक्ट 'गोर्खा वारियर २' को घोषणा गरेका थिए। पहिलो पार्टभन्दा अगाडि दोस्रो पार्ट निर्माण गर्न लागेका उनले फिल्मको ३० प्रतिशत छायांकन पनि पूरा गरिसकेका छन्। तर, कोरोनाको दोस्रो लहर सुरु भएर निषेधाज्ञा जारी भएपछि फिल्मको छायांकन अधुरैमा अड्कियो।

अब आउँदो कात्तिक २ गतेबाट फिल्मको बाँकी सुटिङ सुरु गर्ने तयारीमा चाम्स छन्। हालै उनी फिल्मका लागि चाहिने प्राविधिक सामाग्री लिन बेलायत पुगेका थिए। यसै साता नेपाल आएका उनले भने, 'फिल्ममा ७०/८० वर्ष अगाडि गोर्खाली सेनाले प्रयोग गर्ने कस्टुम, हातहतियार लगातका सामाग्री चाहिने भएकाले त्यो लिन बेलायत गएको थिएँ। केही दिनमा त्यो सबै नेपाल आउँदैछ।'



उनले मुम्बईबाट एक चरण फिल्मको प्राविधिक सामाग्री आइसकेको र अर्को चरण पनि आउन बाँकी रहेको बताए। फिल्ममा युद्धको सिन फिल्मांकन गर्नका लागि चाहिने हातहतियारदेखि 'प्रप' सम्म सबै भारत र यूकेबाट नेपाल आउने उनको भनाई छ। नेपालपछि मलेशिया र बेलायतमा फिल्मको छायांकन हुनेछ। बेलायतमा भने फिल्मका छायांकन स्टूडियोभित्र हुने चाम्सले बताए।

अनुमानित ३ करोडको बजेटमा निर्माण हुन लागेको फिल्मले गोर्खाली सेनाको वीरता र योगदानको कथा भन्नेछ। फिल्ममा रितेश चाम्स, रेविका गुरुङ, विजय लामा, रियर राई, भुवनसिंह राई, शिशिर वाङ्देल, बुद्धी तामाङ, कविता आले, विरुप घले लगायतको अभिनय रहनेछ। सुदिप बरालले खिच्ने फिल्मलाई यस वर्षभित्र सम्पूर्ण छायांकन सकेर २०२२ मा प्रदर्शन गर्ने चाम्सको योजना छ।


**साउदीमा रोजगार**

१. कम्पनी: INTERNATIONAL GUEST HOUSE CATERING HOLDING COMPANY — शहर: RIYADH
पुर्व स्वीकृत मिति: २०७८/०५/०३ चलानी नं.: ६०१६२६३६ LT. No.: 245029

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Main Food Provider | 2 | 0 | स. काममा दक्ष | 1400 | ४३,७३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: MARSA AL DIWAN GENTS TAILORING — शहर: RIYADH
पुर्व स्वीकृत मिति: २०७८/०५/०३ चलानी नं.: ६०१६२६३४ LT. No.: 244795

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Tailor | 6 | 0 | स. काममा दक्ष | 1400 | ४३,७३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: MUSANADA TRANSPORT COMPANY IS ONE PERSON COMPANY — शहर: RIYADH
पुर्व स्वीकृत मिति: २०७८/०५/०३ चलानी नं.: ६०१६२६३७ LT. No.: 245234

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 16 | 0 | स. काममा दक्ष | 1800 | ५६,२३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी: VILLAGE SANDWICH RESTAURANT PROVIDES MEALS COMPANY — शहर: RIYADH
पुर्व स्वीकृत मिति: २०७८/०५/०३ चलानी नं.: ६०१६२६३५ LT. No.: 244110

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ भदौ ३१ गते (16 September 2021) मा हुनेछ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

Nasser Outsourcing Consultants (P.) Ltd.

**CYPRUS र ROMANIA मा वैदेशिक रोजगारको अवसर**

१. कम्पनी : CY EMPLOYMENT — शहर: NICOLAOS
पूर्व स्वीकृत मिति: २०७८/०५/२३ चलानी नं.: ६०१६२६२२ LT. No.: 245098

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Workers (Female) | 0 | 20 | स. काममा दक्ष | 314 | ४३,६७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : MULTI PROFESSIONAL RECRUITMENT SRL — शहर: BUCHAREST
पूर्व स्वीकृत मिति: २०७७/११/१८ चलानी नं.: ६०१५४८७१ LT. No.: 236421 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब USD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Caregiver | 10 | 20 | सम्बन्धित काममा दक्ष | 550 | ६४,४४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Nanny(Babby Sitter) | 0 | 20 | | 550 | ६४,४४९ | | | | | | | |
| 3. | Cleaner | 10 | 14 | | 550 | ६४,४४९ | | | | | | | |
| 4. | Domestic Helper | 10 | 10 | | 550 | ६४,४४९ | | | | | | | |
| 5. | Factory Worker | 30 | 0 | | 550 | ६४,४४९ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ ३१ गते (16 September 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

Sundar Nepal Overseas Pvt. Ltd.
Gov. Lic No. 1484/074/075
Sinamangal-9, Kathmandu, Nepal, Tel: 4478460, Email: Sundarnpo@gmail.com

# दशरथ रंगशालामा नेपाल र बंगलादेशको महिला टिम भिड्दै

दिवस ढकाल/मध्यान्ह
काठमाडौं, २३ भदौ

नेपाली महिला फुटबल टिमले दशरथ रंगशालमा बंगलादेशसँग आज दुई मैत्रीपुर्ण खेल खेल्दैछ । उज्वेकिस्तानमा आयोजना हुने एएफसी कप् २०२२ छनोट अघि नेपाल र बंगलादेशले दुई मैत्रीपुर्ण खेल खेल्न लागेको हो । खेलअघि बुधबार काठमाडौंमा आयोजित प्रि म्याच कन्फ्रेन्समा नेपाली टिमका प्रशिक्षक ग्यारी फिलिप्सले यो खेल आफ्ना खेलाडीहरुका लागि धेरै कुरा सिक्ने अवसरको रुपमा रहेको बताए । मैत्रीपुर्ण खेल एएफसी छनोटका लागि ठुलो मौका भएको उनले बताए । नेपाली टिमकी नियमित सदस्य तथा सर्वाधिक गोलकर्ता सावित्रा भण्डारी पुर्ण रुपमा खेलका लागि तयार नभएकाले मैत्रीपुर्ण गुमाउने उनले जानकारी दिए । ग्यारीले सावित्रा टिममा नभएपनि आफुसँग मजबुत २३ सदस्यीय टिम रहेको र सबैले राम्रो प्रदर्शन गर्नेमा आफु विश्वस्त रहेको बताए ।

प्रि म्याच कन्फ्रेन्समा बंगलादेशका प्रशिक्षक गोलम रोब्बनी छोटोनले नेपाल एउटा ठूलो प्रतिस्पर्धी रहेको र प्रतिस्पर्धात्मक खेल हुने बताए । बंगलादेशको टिममा युवा खेलाडीहरुको बाहुल्यता रहेको बताउँदै नेपाललाई चुनौती दिन आफूहरु तयार भएको उनले बताए ।



त्यस्तै, बंगलादेशकी कप्तान सबिना खातुनले नेपालसँगको खेल एएफसी क्वालिफायर्सको राम्रो तयारी हुने बताइन् । नेपाल र बंगलादेशबिचको खेल भदौ २४ र २७ गते दशरथ रंगशालामा खेल आयोजना हुने अखिल नेपाल फुटबल संघ (एन्फा) ले जनाएको छ । झण्डै साढे तीन दशक लामो अन्तर्राष्ट्रिय इतिहास रहेको महिला फुटबल टिमले मलेसिया, कतार र कुवेतसँग मात्र मैत्रीपूर्ण खेल खेलेको छ । बंगलादेशसँगको पहिलो खेल बिहीबार साँझ ५:३० बजे दशरथ रंगशालमा शुरु हुनेछ । समूह एफमा रहेको नेपालले असोज २ गते फिलिपिन्स र असोज ५ गते हङकङसँग खेल्नेछ । तीन टोली मात्र रहेको यस समूहको विजेता टिम भारतमा हुने एशियन कपका लागि छनोट हुनेछ । बंगलादेश भने समूह जीमा छ ।

# कराते टोली स्विट्जरल्याण्ड जाँदै

**काठमाडौं, मस–** एघारौं बसेल ओपन मास्टर्स कराते प्रतियोगितामा भाग लिन दुई खेलाडीसहित ३ सदस्यीय नेपाली कराते टोली बिहीबार स्विट्जरल्याण्डको बसेल जान लागेको छ । सेप्टेम्बर ११ देखि १२ तारिखसम्म हुने प्रतियोगितामा सुमन तिमिल्सिना र सरोज कार्कीले नेपालको चुनौती प्रस्तुत गर्ने छन् ।

सुमनले सिनियर एकल काता तथा सरोजले ८५ केजीमुनि तौलसमूहमा प्रतिस्पर्धा गर्नेछन् । सुमनले प्रशिक्षकको भूमिका पनि निर्वाह गर्नेछन् । अफिसियलमा प्रज्ज्वल प्रतिक क्षेत्री रहेका छन् । सहभागीले ७२ घण्टाको पीसीआर रिपोर्ट पेश गर्नु पर्ने बताइएको छ । नेपाल गोजुरियो कराते संघ तथा एसियाली गोजुरियो कराते महासंघका महासचिव विआर मित्रले बुधबार एक कार्यक्रमबीच टोलीलाई सफलताको शुभकामना दिँदै बिदाइ गरेका थिए । टोली कतार एयरवेजबाट बिहीबार राति ८ बजे उड्ने कार्यक्रम रहेको छ ।



# कप्तान किरण चेम्जोङ प्रिमियरको स्पोर्ट्स एम्बासडर




**काठमाडौं, मस–** नेपाली राष्ट्रिय फुटबल टिमका कप्तान तथा गोलकिपर किरण चेम्जोङलाई हातिबनको प्रिमियर इन्टरनेशनल आईबी वर्ल्ड स्कुलले स्पोर्ट्स एम्बासडर नियुक्त गरेको छ ।

नेपाली राष्ट्रिय टोलीका कप्तान किरणले प्रिमियर स्कुलसँग तिन वर्षका लागि सम्झौता गरेका छन् । प्रिमियर स्कुलका प्रबन्ध निर्देशक वसन्त थापा र किरण बीच बुधबार सम्झौता पत्रमा हस्ताक्षर भएको हो ।

सम्झौतासँगै किरण स्कुलको स्पोर्ट्स कार्यक्रममा सामेल हुने छन् भने फुर्सदिलो समयमा स्कुलमा आबद्ध भएका विद्यार्थीलाई फुटबलको प्रशिक्षण दिनेछन् ।

बुधबार कार्यक्रममा अखिल नेपाल फुटबल संघ (एन्फा) अध्यक्ष कर्मा छिरिङ शेर्पा, स्कुलका पदाधिकारीले किरणसँग जोडिनु संस्थामा आबद्ध भएका विद्यार्थीका लागि फाइदा भएको बताए । सम्झौतापछि बोल्दै कप्तान किरणले प्रिमियरले शिक्षासँगै राम्रो फुटबल खेलाडी उत्पादन गर्न सहयोग पुऱ्याउने विश्वास रहेको बताए ।

किरणले नेपालका लागि सर्वाधिक ७४ अन्तराष्ट्रिय खेल खेल्दै पूर्व कप्तान विराज महर्जनको किर्तिमान तोडेका छन् ।

# पौडी र तेक्वान्दो टोली बिहीबार सर्बिया जाँदै

**काठमाडौं, मस–** आईएसएफ यू-१५ वर्ल्ड स्कुल स्पोर्ट्स गेम्समा सहभागी हुन १५ खेलाडीसहित २४ सदस्यीय नेपाली पौडी र तेक्वान्दो टोली बिहीबार सर्बियाको बेल्ग्रेड प्रस्थान गर्दैछ । सेप्टेम्बर ११ देखि १९ तारिखसम्म हुने प्रतियोगितामा ९ पौडी र ६ तेक्वान्दो खेलाडीले प्रतिस्पर्धा गर्ने छन् ।



पौडी खेलाडीमा अजलकाजी ताम्राकार, अल्भिन महर्जन, अनुसिया तण्डुकार, जाडेन श्रेष्ठ, तेन्जिन नाम्दोलरियन गुरुङ, टिशा चित्रकार, तेजस्वि फाइजु, पलिस्था महर्जन र यात्रा केसी रहेका छन् ।

तेक्वान्दो खेलाडीमा सुजल कार्की, लवाङ लामा, शेख इरफान, प्रतिष्ठा केसी, सुविना तामाङ र सिमानी लामा छन् । पौडीको प्रशिक्षकमा नयना शाक्य, तेक्वान्दोको प्रशिक्षकमा रोशन बोहरा र सुवास तामाङ तथा टिम व्यवस्थापकमा सोविनराज रेग्मी रहेका छन् ।

आईएसएफ डेलिगेटमा राजकुमार कार्की, हेड अफ डेलिगसनमा मोहनकुमार कार्की, डेपुटी हेड अफ डेलिगेसनमा मिना महर्जन र एडिसनल अफिसियलमा देवेन्द्र राना मगर रहेका छन् । तेक्वान्दोका राकेशकुमार राईले निर्णायकको भूमिका निर्वाह गर्ने छन् ।

राष्ट्रिय खेलकुद परिषद्का उपाध्यक्ष शिव कोइरालाले बुधबार टोलीलाई सफलताको शुभकामना दिदै बिदाइ गरेका थिए ।

# टी-ट्वान्टी वरियतामा नेपालका चार खेलाडी, पारस ९१ औं स्थानमा

**काठमाडौं, मस–** अन्तर्राष्ट्रिय क्रिकेट परिषद (आईसिसी) ले अपडेट गरेको टी-ट्वान्टीको नयाँ वरियतामा नेपालका चार खेलाडी परेका छन् ।

नयाँ वरियताअनुसार नेपालका युवा खेलाडी कुशल भुर्तेलको वरियता सुधार भएको छ ।

ब्याटिङ वरियतामा कुशल ६० औं स्थानमा उक्लिएका छन् । यस अघि उनी ६१ औं स्थानमा रहेका थिए । नेपालका पूर्व कप्तान पारस खड्काको वरियता यथावत रहेको छ । पारस ९१ औं स्थानमा रहेका छन् । यस्तै कप्तान ज्ञानेन्द्र मल्ल ९५ औं स्थानमा झरेका छन् ।



उनको वरियता एक स्थान घटेको हो । बलिङ वरियतामा नेपालका सन्दीप लामिछाने ७८ औं स्थानमा रहेका छन् । नेपालको टी-ट्वान्टी र एकदिवसीय वरियता भने यथावत रहेको छ । टी-ट्वान्टीको नयाँ वरियतामा नेपाल १३ औं स्थानमा रहेको छ । त्यस्तै नेपाल एकदिवसीय वरियताको १६ औं स्थानमै रहेको छ ।

# एभरेष्ट प्रिमियर लिगको खेल तालिका सार्वजनिक

**काठमाडौं, मस–** एभरेष्ट प्रिमियर लिग क्रिकेटको खेल तालिका सार्वजनिक भएको छ । जसमा उद्घाटन खेलमा काठमाडौं किंग्स ११ र साविक विजेता ललितपुर प्याट्रियट्सबीच प्रतिस्पर्धा हुने भएको छ । आगामी असोज ९ गतेबाट सुरु हुने इपिएलको चौंथो संस्करणमा साविक विजेता ललितपुरले काठमाडौंसँग खेल्दै प्रतियोगिताको सुरुवात गर्ने छ ।




असोज १० गते हुने दोस्रो खेलमा विराटनगर वारियर्स र चितवन टाइगरले प्रतिस्पर्धा गर्नेछन् । त्यही दिन अर्को खेलमा गत संस्करणको उपविजेता भैरहवा ग्लाडिएटर्स र पोखरा राइनोज भिड्नेछन् ।

विभिन्न सहरका ६ फ्रेन्चाइज टोलीको सहभागितामा हुने प्रतियोगिता असोज २३ सम्म चल्नेछ । ६ टिमको सहभागिता रहेको प्रतियोगिताको विजेताले ५० लाख रुपैयाँ पाउनेछ भने उपविजेताले १५ लाख रुपैयाँ हात पार्नेछ । यो पटक प्रतियोगिताको प्रशारण विश्वका एक सय ४० भन्दा बढि देशमा हुने बताइएको छ । प्रतियोगिताको यसअघिको संस्करण ललितपुरले जितेको थियो ।

**SAUDI मा रोजगारको अवसर** | कम्पनी : BEYOND AL BENA INDUSTRIAL COMPANY
शहर : Riyadh

पूर्व स्वीकृत मितिः २०७८/०५/२२ चलानी नं.: ६०१६२५५४ LT. No.: 245005

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 8 | 0 | स. काममा दक्ष | 1000 | ३१,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ ३० गते (15 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००।- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Rays Recruitment Pvt. Ltd.**
Gov. Lic. No.: 787/065/066
Tokha Road, Mahalaxmi Marg-5 | Bashundhara, Kathmandu, Nepal
P.O. Box: 25046, Tel.: 01-4380343, 01-4388579
E-mail: raysrecruit@gmail.com | Website: www.rays-recruitment.com

मध्यान्ह दैनिकको हिजो २०७८ भदौ २३ गते प्रकाशित Rays Recruitment Pvt. Ltd को विज्ञापन प्राविधिक कारणले अस्पष्ट भएकोले पुनः प्रकाशित गरिएको छ । यसबाट सम्बन्धित सबैमा पर्न गएको असुविधाप्रति क्षमाप्रार्थी छौं । (सं.)

**कतारमा रोजगार** | १. कम्पनी : REGENCY GROUP HOLDING
शहर: DOHA

पुर्व स्वीकृत मितिः २०७८/०५/२३ चलानी नं.: ६०१६२६२८ LT. No.: 245316

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 15 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Welder | 3 | 0 | | 1300 | ४१,८३४ | | | | | | | |
| 3. | Painter | 3 | 0 | | 1300 | ४१,८३४ | | | | | | | |
| 4. | Electrician | 2 | 0 | | 1400 | ४५,०५२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ ३१ गते (16 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

नोटः यसै कम्पनीको लागि Office Waiter, Restaurant Waiter, Waiteress, Hostess, Barista, Indian Continental, Chinese CDP, DCDP, Commis- I, II, III, HK Team Leder, Female HK Supervisor, AC Technician, Security Guard Bell Boy, Nepali License Heavy Driver, Agriculture & Animal Care Take, Tile Mason, Gypson Technical Helper को पनि माग भएकोले नि:शुल्क परामर्श मेनपावर कम्पनीमा सम्पर्क गर्नुहोला ।

**लाईफ लाईन ओभरसिज प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ३३७/०५९/०६०
गोगंवु, काठमाडौं, नेपाल, फोन नं. ०१-५९०४२८८, ५९०४५२२, ५९०३६४१
Drop your CV at cv@lifelineoverseas.com, recruit@lifelineoverseas.com, yam@lifelineoverseas.com

**साउदीमा रोजगारको अवसर** | कम्पनी : STARS SITE CONTRACTING EST
शहर : Saudi

पुर्व स्वीकृत मितिः २०७८/०३/२७ चलानी नं.: ६०१६०००९ LT. No.: 242251 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 100 | 0 | स. काममा दक्ष | 1000 | ३१,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : GUMAMA FOR OPERATION & MAINTENANCE EST शहर : KSA
पुर्व स्वीकृत मितिः २०७८/०४/०८ चलानी नं.: ६०१६०४८७ LT. No.: 242979 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician Technician | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ५६,२३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Plamber | 4 | 0 | | 1700 | ५३,१०८ | | | | | | | |
| 3. | Building Carpenter | 1 | 0 | | 1700 | ५३,१०८ | | | | | | | |
| 4. | Welding Technician | 1 | 0 | | 1700 | ५३,१०८ | | | | | | | |
| 5. | Aluminium Technician | 1 | 0 | | 1700 | ५३,१०८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ ३१ गते (16 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**एस.एल.डी ईन्टरनेशनल प्रा.लि.**
श्रम इजाजत नं. ६७२/०६३/६४
बसुन्धरा चौकी, धापासी, काठमाडौं, फोन नं. ०१- ५९०२८२३, ९०२८२४, ९०२८२५
मो.:९८५१०४७३६५, ९८१८६२८४४८

**कतारमा रोजगारको अवसर** | कम्पनी: TRANSFORM INFORMATION TECHNOLOGY SOLUTIONS
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/०५/२३ चलानी नं.: ६०१६२६१४ LT. No.: 245184

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technician Gen | 1 | 0 | स. काममा दक्ष | 1600 | ५१,४८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ भदौ ३१ गते (16 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**वि. एस. ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ५४०/०६१/०६२
पो.ब.नं.: १५१४२, सामखुसी - ३, काठमाडौं, नेपाल
फोन नं.: ०१-४९६३३५८, ०१-४९८७४०२, ०१-४३६४४१०
E-mail: info@bsoverseasnepal.com.np, bsoverseasnepal1@ gmail.com
website: www.bsoverseasnepal.com.np
ISO 9001 : 2015 CERTIFIED
Regd No : 19313/A/001/En

गो.द.का.द.नं. ३३/०६९/०७०





किबीको खेती । डोटी जिल्लाको सदरमुकाम सिलगढीमा स्थानीय हेम मल्लले लगाएको किबीको बोटमा फलेका किबीका फलहरु । तस्वीर : विमलबहादुर विष्ट, रासस

लगानी बोर्डको वार्षिकोत्सव

# ५ वर्षमा १० खर्ब लगानी स्वीकृत गर्ने योजना, १ लाख रोजगारी सिर्जनाको लक्ष्य

**सागर तिमल्सिना/मध्यान्ह**
काठमाडौं, २३ भदौ ।

लगानी बोर्डले पाँच वर्षमा १० अर्ब अमेरिकी डलर लगानी स्वीकृत गर्ने लक्ष्य लिएको छ । बोर्डले पाँच वर्षमा १० अर्ब डलर बराबरको लगानी स्वीकृत गर्ने, ६ अर्ब अमेरिकी डलर बराबरको सार्वजनिक निजी साझेदारीका परियोजना व्यवस्थापन गर्ने जनाएको छ ।

परियोजनाबाट कम्तीमा १ लाख रोजगारी सिर्जना गर्ने दाबी बोर्डको छ । प्रभावकारी लगानी प्रवर्द्धनद्धारा लगानीको वातावरण सुधार गर्न योगदान पुर्‍याउने तथा लगानी बोर्डलाई सार्वजनिक-निजी साझेदारीको उत्कृष्टताको केन्द्रको रूपमा विकास गर्ने पाँचवटा मूल लक्ष्य लिएको छ ।



बोर्डका अध्यक्षसमेत रहेका प्रधानमन्त्री शेरबहादुर देउवाले लगानी बोर्डको १० औँ वार्षिकोत्सव समारोहमा उक्त योजना सार्वजनिक गरेका हुन् । 'दिगो विकास लक्ष्य हासिल गर्न कूल वार्षिक औसत पाँच खर्ब ५८ अर्ब रुपैयाँ अपुग हुने देखिन्छ, कोरोनाका कारण विभिन्न देश आफैं लगानी भित्र्याउने प्रयास गरिरहेको अवस्थामा हामीले आकर्षित गर्न सजिलो छैन, तर हामी आशावादी छौँ,' प्रधानमन्त्री देउवाले भनेका छन् ।

उक्त योजनमा कम्तीमा एक लाख रोजगारी सिर्जना गर्न सहयोग गर्ने र प्रभावकारी लगानी प्रवर्द्धनका लागि वातावरण निर्माणमा योगदान पुर्‍याउने उल्लेख छ । यस्तै रणनीतिक योजनामा लगानी बोर्डलाई सार्वजनिक निजी साझेदारीको उत्कृष्ट केन्द्रका रुपमा विकास गर्न महत्वपूर्ण पाँच मूल लक्ष्यसमेत लिइएको छ ।

## 'आयोजनामा स्थानीय जनताको सहभागिता आवश्यक'

अर्थमन्त्री जनार्दन शर्माले सार्वजनिक निजी सहभागिताको लगानी मोडालिटीमा स्थानीय जनतालाई समेत सहभागी गराउनुपर्ने बताएका छन् । उनले पीपीपी मोडेलमा अर्को 'पी'को रुपमा 'पिपुल'लाई थप्नुपर्ने बताए ।

'पीपीपी मोडलमा अर्को एउटा 'पी' अर्थात् पिपुललाई थप्नुपर्छ', शर्माले भने, 'आयोजना प्रभावित क्षेत्रका जनतालाई सहभागी नगराउँदा निर्माण प्रक्रियामा अवरोध हुने र आयोजनाको लागतसमेत बढ्ने गरेको छ, त्यसैले लगानीको 'थ्री पी' मोडललाई 'फोर पी'मा परिणत गर्नुपर्छ ।'

नेपालमा उपलब्ध तुलनात्मक रुपमा सस्तो श्रम शक्ति र अथाह प्राकृतिक स्रोत साधन नै मुख्य पुंजी भएको भन्दै मन्त्री शर्माले त्यसको परिचालनमार्फत् विकास र समृद्धिको यात्रालाई गति दिन लगानी बोर्डले उत्प्रेरकको रुपमा काम गर्नुपर्नेमा जोड दिए । लगानी बोर्डले एक दशकको अवधिमा आर्थिक विकास र समृद्धिका लागि ठूल-ठूला स्तरका लगानी भित्र्याउन संस्थागत आधार तयार गरेको उल्लेख गर्दै उनले अब क्षेत्रीय साझेदारहरुसँगको लगानी सहभागीतालाई सुदृढ गरी वैश्विक आर्थिक मञ्चबाट लाभ उठाउनको प्रभावकारी काम गर्ने विश्वास व्यक्त गरे ।

मन्त्री शर्माले ठूलठूला आयोजना निर्माणको लागि निजी क्षेत्रको लगानी सहभागिताको आवश्यकता औंल्याए । यस्तै पर्याप्त वैदेशिक लगानी भित्र्याएर देशभित्रै उत्पादन तथा रोजगारीका अवसरहरु सिर्जना गर्न सकिने उनको भनाइ थियो । यसबाट व्यापार घाटा न्यूनीकरण हुनुको साथै युवाहरुले देशभित्रै रोजगारी पाउने अवस्था सिर्जना हुने मन्त्री शर्माको विश्वास छ ।

लगानी बोर्डले एक दशकको अवधिमा आठ खर्ब ३३ अर्ब बराबरको लगानी स्वीकृत गरेको छ । यस्तै २७ वटा विभिन्न आयोजनाहरु स्वीकृत गरेको छ भने सात वटा ठूला आयोजनाको लागि एमओयू गरेको छ । यस्तै दुई वटा परियोजना सम्झौता र दुई वटा लगानी सम्मेलन बोर्डले गरेको छ ।

वार्षिकोत्सव समारोहमा विश्व बैंकको पूर्वाधार क्षेत्रका क्षेत्रीय निर्देशक गुञ्जे चेन, नेपालका लागि बेलायती राजदूत निकोला पोलिट, सार्वजनिक निजी साझेदारीसम्बन्धी विश्व संस्थाका अध्यक्ष जिड अलेक्जेण्डर हेक, एजे भिएन लिमिडेड भारतका अध्यक्ष नन्दलाल शर्मा, होङ्सी सिमेन्टका प्रवन्ध निर्देशक लिउ शुगुङले नेपालमा गरेको लगानीको विषयमा जानकारी गराएका थिए ।

शर्माले विभिन्न पाँच समस्या औँल्याउँदै, बैंकिङ प्रक्रिया, कच्चापदार्थ तथा श्रमशक्ति व्यवस्थापन, परियोजनाका लागि जग्गा व्यवस्थापनलगायतमा सहजीकरण गर्न सरकारको ध्यानाकर्षण गराएको थियो ।

वि.सं. २०७८ मा स्थापना भएको बोर्डले 'लगानी बोर्डको १० वर्ष : आर्थिक समृद्धिका लागि साझेदारी' भन्ने नारा तय गरी वार्षिकोत्सव मनाएको छ । सो समारोहमा लगानी बोर्डको कार्यालयले तयार पारेको 'नेपाल इन्भेष्टमेन्ट गाइड २०२१' तथा 'कफी टेबल बुक'समेत सार्वजनिक गरिएको छ ।

# शेयर बजारमा फेरि उच्च अंकको गिरावट



**काठमाडौं/मस-** धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बुधबार पनि उच्च अंकले घटेको छ । लगातार ओरालो लागेको नेप्सेको यात्रा बुधबार पनि जारी रह्यो ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से ६०.०२ अंकले ओरालो लागेर दुई हजार ८७६.५९ मा ओर्लेको छ ।

यस्तै, ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ११.९१ बिन्दुले ओरालो लागेर ५३६.५१ मा पुगेको छ । नेप्सेको ओरालो यात्रासँगै कारोबार रकम पनि बुधबार घटेको छ ।

कूल २२५ कम्पनीको एक करोड ६१ लाख ४८ हजार ६५२ कित्ता शेयर रु छ अर्ब ६४ करोड ६६ लाख २३ हजार ४२७ मूल्यमा खरिद बिक्री भए ।

कारोबार भएका १३ उपसमूहको शेयर नै आज ओरालो लागेको छ । बैंकिङ ३१.९६, व्यापार ८२.०४, होटल तथा पर्यटन ६४.३५, विकास बैंक १५७.९७, जलविद्युत् ५३.३५, वित्त ९७.०५, निर्जीवन बीमा ३२८.८२, उत्पादन १८८.४३, अन्य ६३.३४, लघुवित्त ६७.६३, जीवन बीमा ४२१.३६, सामूहिक लगानी कोष ०.०९ र लगानी २.५३ बिन्दुले घटेको छ ।

कारोबारका आधारमा युनाइटेड मोदी हाइड्रोपावर शीर्ष स्थानमा रहेको छ । सो कम्पनीको रु ४० करोड ५७ लाख ७५ हजार ४६१ बराबरको कारोबार भयो । यस्तै अरुण भ्याली हाइड्रोपावर रु २४ करोड ५१ लाख २३ हजार ६३८, स्वरोजगार लघुवित्त रु २४ करोड २१ लाख ६२ हजार ५६७, रिडी हाइड्रोपावर रु २३ करोड ६३ लाख ५८ हजार ५८९ र रैराङ हाइड्रोपावर रु २३ करोड ४६ लाख ४९ हजार ३२८ बराबरको कारोबार भई शीर्ष स्थानमा रहे ।

नेप्सेका अनुसार सानिमा लाइफ इन्स्योरेन्स कम्पनीको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लाग्यो । एक्सेल डेभलपमेन्ट बैंक ८.६०, रैराङ हाइड्रोपावर ८.३३, युनिभर्सल पावर ७.६४ र स्वरोजगार लघुवित्तका लगानीकर्ताले ६.९८ प्रतिशतले कमाए ।

त्यस्तै, लाइफ इन्स्योरेन्स कम्पनी ६.०६, गुडविल फाइनान्स ५.४७, एनआइबिएल समृद्धि फण्ड एक ५.३३, सिभिल लघुवित्त ५.२९ र गुह्यश्वरी मर्चेन्ट बैंकका लगानीकर्ताले ५ प्रतिशतले गुमाए । बुधबारको कारोबारपछि बजार पूँजीकरण रु ४० खर्ब २५ अर्ब ७६ करोड ८८ लाख ७० हजार २८७ बराबर कायम भएको छ ।

# टीभीएसको अपाचे २०० फोरभी बीएस-भीआई सार्वजनिक हुँदै




**काठमाडौं/मस-** टिभिएस मोटर कम्पनीको नेपालका लागि आधिकारिक वितरक जगदम्बा मोटर्सले नेपालमा टिभिएस अपाचे आरटीआर २००फोरभी आईबीए-भीआई मोटरसाइकल सार्वजनिक गर्ने भएको छ । कम्पनीले अपाचे आरटीआर २००फोरभी फर्स्ट इन् क्लास राइडिङ मोड्ससँगै बीएस-भीआई इञ्जिनसहितको नयाँ बहु-प्रतिक्षित मोडल नेपालमा सार्वजनिक गर्ने भएको हो ।

उक्त मोटरसाइकल बिहीबार सार्वजनिक गर्ने भएको छ । साथै टिभिएस नेपालको फेसबुक, युट्युब, इन्स्टाग्राम पेज लगायत अन्य बिभिन्न डिजिटल माध्यमबाट गरिने भएको कम्पनीले जनाएको छ ।

टिभिएस् अपाचे आरटीआर २००फोरभी मा ठाउँ, सडक र मौसम अनुसार राइडिङ् मोड परिवर्तन गर्न मिल्ने अत्याधुनिक फिचर्स रहेको छ । यसको सिस्टममा स्पोर्ट, अर्बान र रेन मोड गरेर तिन ओटा मोडहरु रहेका छन् । जसलाई चालकले सहजता र परिस्थितिको आधारमा मोटरसाइकल कुदाउँदा खेरि परिवर्तन गर्न सक्नेछन् । यस फिचर्सले चालकको राइडिङ् अनुभवलाई थप सहज र सुरक्षित गर्ने कम्पनीको दाबी छ ।

मोटरसाइकलको अर्को पक्ष भनेको आरटीएफआई टेक्नोलोजी युक्त बीएस-भीआई कम्प्लेन्ट इन्जिन रहेको छ । बीएस-भीआई कम्प्लेन्ट इञ्जिनसहितको सो मोटरसाइकलमा आरटीएफआई टेक्नोलोजीयुक्त इन्जिनहरू कार्बोरेटर इन्जिनभन्दा एकदमै शक्तिशाली रहेको कम्पनीले जनाएको छ ।

यसैगरि मोटरसाइकलमा बिल्कुलै पहिलो पटक फर्स्ट इन सेग्मेन्ट एडजस्टेबल सस्पेन्सन र लिभर रहेको छ भने पूरै ग्राफिक्स रेसिङलाई नै आधार मानेर डिजाइन गरिएको छ ।

नेपालमा टिभिएस टू-ह्वीलर्सको लागि एकमात्र आधिकारिक वितरकको नेपालभर १३२ भन्दाबढी डिलरहरू छन् ।

## गरिमाका ग्राहकलाई ल्याण्डमार्क होटल्समा छुट




**काठमाडौं/मस-** गरिमा विकास बैंकले नेपालको एक प्रख्यात चेन होटल 'ल्याण्डमार्क होटल्स रिसोर्ट एण्ड स्पा'सँग ग्राहकहरुको लागि छुट सम्झौता गरेको छ । यस सम्झौता अनुसार बैंकको ग्राहकले होटलको डिलक्स रुममा ३५ प्रतिशत छुट, फुड एण्ड वेभरेजमा १५ प्रतिशत छुटका साथै अन्य सेवा सुविधाहरुमा आर्कषित छुट पाउनेछन् ।


बेनेलीको दशैं अफर

# किन्नुभन्दा पहिले नै छुट



**काठमाडौं/मस-** इटालीमा निर्मित बेनेली मोटरसाइकल बिक्री गर्दै आएको केटीएम इन्टरनेशनल ट्रेडिङले दशैं तथा तिहारलाई लक्षित गरी नयाँ अफर ल्याएको छ । जसअन्तर्गत कम्पनीले थ्रीएक्स डिस्काउन्ट फिएस्टा अफर ल्याएको हो । अफर बेनेली ब्राण्डका सबै मोटरसाइकलको खरिदमा लागू हुनेछ । यसअन्तर्गत मोटरसाइकल किन्नु भन्दा पहिले, किन्दा र किने पछि गरी तीन पटकसम्म छुट र विभिन्न अफर प्राप्त गर्न सकिने छ । पहिलो ई-डिस्काउन्ट अन्तर्गत मोटरसाइकल किन्नु भन्दा पहिले नै घरैबाट समेत क्युआर कोड स्क्यान गर्न सकिन्छ । मोटरसाइकल किन्न चाहने वा नचाहनेले समेत क्यूआरकोड स्क्यान गर्न सक्नेछन् । बेनेलीको शोरुममै पुगेर पनि स्क्यान गर्न सकिन्छ । यसरी स्क्यान गर्दा १ लाख रुपैयाँसम्म जित्ने अवसर प्राप्त हुनेछ । त्यसैगरी मोटरसाइकल किन्ने निश्चित भइसकेपछि वाक इन डिस्काउन्ट अफर प्राप्त हुनेछ । ग्राहकलाई स्क्रायच कार्ड प्रदान गरिने छ । र, सो कार्डबाट समेत १ लाख रुपैयाँसम्म जित्न सकिने छ ।

त्यसैगरी मोटरसाइकल किनिसकेपछि ग्राहकलाई ५ हजार रुपैयाँसम्मको अमेजिङ गिफ्ट पाउन सक्नेछन् ।









प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन) मुद्रकः रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादकः **मदनकुमार श्रेष्ठ**